वर्ष : १३ | अंक : १

# अर्थ र रोजगार

ARTHA RA ROJGAR

राष्ट्रिय मासिक

२०८० साउन | 2023 July.-Aug.



सांगीतिक यात्रामा
**अघि बढ्दै बीना**




## विमानस्थलबाट
# फर्काइँदै श्रमिक

दुःखसँग जुद्दै
सफलता चुमेका
**महेन्द्र चम्लागाई**

मूल्य रु.८०/-, भारु. 30/-, मलेसियन रिंगेट ५/-, युएई दिराम ५/-, कतारी रियाल ५/-, ओमानि रियाल ०.५/-, बहराइन दिनार ०.५/-, युएस 8 $/-

# MALAYSIA VISA APPLICATION CENTER

## INDRA TRAVEL & TOURS PVT LTD.

Mahamati Bhawan, Gairidhara, Kathmandu, Nepal

SINCE 1984 A.D



### CONTACT US

- 014442035|014442036
- Gairidhara, Kathmandu,Nepal
- info@indratravelnepal.com
- www.indratravelnepal.com

TOURISM MALAYSIA nepal

### OUR SERVICES

Flight · Transportation · Holidays · Visa Assistance · Hotel · Travel Insurance · Cruise Package · Helicopter

### ASSOCIATED WITH

IATA · NTB · NATTA · PATA

# यसभित्र




६

**आवरण**

## विमानस्थलबाट
## फर्काइँदै श्रमिक

पछिल्लो समय  सम्पूर्ण प्रक्रिया पुरा गरी विदेश उड्न लागेका श्रमिकहरूलाई विमानस्थलबाट फर्काउने क्रम बढेको छ। तर, भिजिट भिसामा काम गर्न जानेहरू सरासर उडिरहेका छन् । अफ्न प्रतिबन्ध लागेको घरेलु कामदारकारुपमा हजारौ महिला हाम्रै विमानस्थलबाट उडिरहेका छन् । विमानस्थलमा पटक पटक सेटिङको चर्चा हुने गरेको भए पनि अफ्नै रोकिन सकेको छैन । अफ्न पछिल्लो समय अध्यागमन विभाग र वैदेशिक रोजगार विभागको टकरावले वैदेशिक रोजगारमा जाने कामदार मारमा परिरहेका छन् । यससम्बन्धी हामीले आवरण रिपोर्ट तयार गरेका छौं ।



१२ **रोजगारीका लागि भिजिट भिसामा** थाइल्यान्ड र म्यानमार नजान आग्रह



१७ **एनआरएनएको एकताको महाधिवेशन** तथा विश्व सम्मेलन अक्टोवरमा




२४ **अर्थतन्त्रलाई चलायमान बनाउने गरी** मौद्रिक नीति आएन : निजी क्षेत्र

३०

**चौतारी**

रनकुमारी **रित्तै !**

युवराज नयाँघरे





३२

**अनुभूति**

विदेशका **नेपाली सबै राजदूत**

शम्भु सुस्केरा



रमिलाको संघर्ष १५ **जनजीवन**

## एउटै चिन्ता छ 'ऋण कसरी तिर्ने ?'

● बिन्दु अधिकारी ढकाल

३६ **मनोरञ्जन**

सांगीतिक यात्रामा **अघि बढ्दै बीना**



## सम्पादकीय

# ‘फ्री भिसा फ्री टिकट’ की ‘इम्प्लोएर पे मोडल’

*सरकारले मलेसिया र खाडी मुलुकहरुमा वैदेशिक रोजगारीमा जाने कामदारलाई फ्री भिसा फ्री टिकटको व्यवस्था लागू गराएको ८ वर्ष नाघिसक्दा पनि अझै यसको व्यवहारिक कार्यान्वियन हुन सकेको छैन । सरकारले प्रभावकारी नियमन गर्न नसक्दा उल्टै यो व्यवस्थाबाट विदेशीने श्रमिक ठगिइरहेका छन् ।*

*तत्कालिन श्रम राज्यमन्त्री टेकबहादुर गुरुङले २१ असार २०७२ मा प्रमुख ७ श्रम गन्तव्य मुलुकमा जाने नेपाली कामदारहरुको भिसा तथा टिकटको रकम रोजगारदाताले नै व्यहोर्नु पर्ने व्यवस्था लागू गराएका थिए । जस अनुसार खाडीका कतार, बहराइन, साउदी अरब, युएई, ओमन, कुवेत र मलेसियामा कामदार पठाउँदा शुन्य लागतमा पठाउनुपर्ने र यदी रोजगारदाता कम्पनीले मेनपावर कम्पनीलाई कमिसन शुल्क नदिएमा कामदारसँग अधिकतम १० हजार शुल्क लिन पाउने व्यवस्था गरिएको थियो ।*

*सरकारले शुन्य लागतको नीति लागू गराएपनि प्रभावकारी कार्यान्वियन र नियमनको अभावमा छिटपुट वाहेक यो नीति अन्तर्गत नेपाली कामदार विदेश जान पाएका छैनन । मलेसिया र खाडीका देश जाने कामदारलाई फ्री भिसा फ्री टिकटका बारेमा जानकारी भएपनि उनीहरु धेरै पैसा तिरेर ती देश जान्न बाध्य छन् । शुल्कबापत १० हजार लिन पाउने भनेर तोकिए पनि श्रमिकले चर्को शुल्क तिर्नुपरेको र रसिद १० हजारको मात्र दिइदा व्यवसायीबाट राज्यले कर पनि लिन नपाएको सरकारी अधिकारीहरु स्वयं बताउँछन ।*

*फ्री भिसा फ्री टिकटको व्यवस्था पूर्णरुपमा कार्यान्वियन हुन नसक्दा जाने कामदार, पठाउने मेनपावर कम्पनी र सरकार सबै पक्ष लाभान्वित हुन सकेका छैनन । जसका कारण यो नीतिलाई कि त कडाइका साथ लागू गराउन कि त पुनरावलोकन गर्न सरकारलाई दबाब बढेको छ ।*

*फ्री भिसा फ्री टिकटको निर्णयविरुद्ध वैदेशिक रोजगार व्यवसायीहरुले आन्दोलन नै गरेका थिए भने अहिले पनि विरोध जनाइरहेका छन् । व्यवसायीहरुले दक्षिण एसियाकै अन्य मुलुकको व्यवस्था हेरेर मात्र उक्त नीति कार्यान्वयनमा ल्याउन आग्रह गर्दै विना अध्ययन र तयारी फ्री भिसा फ्री टिकटको व्यवस्था लागू गरिदा श्रमिक र व्यवसायी मर्कामा पर्ने तर्क गर्दै आएका छन् । यस्तै सेवा शुल्क पनि १० हजार अपर्याप्त भएको भन्दै व्यवसायीहरुले कम्तीमा श्रमिकहरूको एक महिनाको तलब बराबर सेवा शुल्क तय गर्न माग राखेका छन् ।*

*फ्री भिसा फ्री टिकटको व्यवस्था भन्दा पनि इम्प्लोएर पे मोडल कार्यान्वियनमा ल्याउन आवश्यक छ । रोजगार दाताले नै सम्पूर्ण खर्च व्यहोरेर शुन्य लागतमा कामदार लिने व्यवस्था बनाउन सके श्रमिक, व्यवसायी र सरकार तीनै पक्षलाई फाइदा हुने थियो । यसले कामदारको थाप्लोमा एक पैसा पनि नपारी वैदेशिक रोजगारमा पठाउनु पर्छ भन्ने आवाज कार्यान्वियनलाई थप सहज पनि बनाउने थियो ।*

*सरकारले रोजगारदातालाई नै श्रमिक लैजादा लाग्ने खर्च बेहोर्नका लागि दुई पक्षिय सम्झौता गर्न सके तथा व्यवसायीहरुले पनि अस्वस्थ प्रतिष्पर्धा रोकेर काम गरे यो व्यवस्था कार्यान्वियन हुन सक्छ । यस्तै सेवाशुल्क रोजगार दाताले नबेहोरेको खण्डमा त्यसलाई निश्चित मापदण्ड बनाएर निर्धारण गर्न सके कामदारको लागत, व्यवसायीले लिन पाउने शुल्क र सरकारले प्राप्त गर्ने राजश्व पारदर्शी हुने थियो । अहिलेकै अवस्थामा छोड्ने हो भने कामदार पनि ठगीमा परिरहने छन् भने सरकारले पनि ठुलो मात्राको राजश्व गुमाउने छ ।*


**रोजगार मिडिया प्रा.लि.**

जि.प्र.का. काठमाडौं द. नं. १३७/०६७/०६८

अर्थ र रोजगार
राष्ट्रिय मासिक
AARTHA RA ROJGAR

• वर्ष १३ • अंक १ • २०८० साउन

**सल्लाहकार**
युवराज नयाँघरे
जगदीश खरेल
शंकर खनाल

**सम्पादक**
उद्धव भट्टराई

**कार्यकारी सम्पादक**
सुमन गिरी

**सह–सम्पादक**
उत्तम भट्टराई

**प्रमुख व्यवस्थापक**
फणिन्द्र दाहाल

**व्यवस्थापक**
पर्वत विश्वकर्मा

**संवाददाता**
सरोज श्रेष्ठ
कृष्ण पाण्डे
मोहन सुवेदी

**ओमान संयोजक**
दिपक श्रेष्ठ
(९६८९६०५३४६९)

**कतार प्रतिनिधि**
खेम भट्टराई
(९७४५६०९५७८)

**कला संयोजक**
हेमन्तराज गौतम

**प्रतिनिधि**
राजु थापा (क्यानडा)
जनक गिरी (जापान)
हरिकृष्ण अधिकारी (इजरायल)
यामबहादुर पुरकोटी (युएई)

**कानुनी सल्लाहकार**
देवराज कटुवाल

**डिजाइन**
महेश कार्की

**मुद्रक**
नयाँ नेपाल प्रेस प्रा.लि.,
असन, काठमाडौं
फोन : ९८५११७९९९६

**कार्यालय**
रोजगार मिडिया प्रा.लि.
ज्ञानेश्वर, काठमाडौं
पो.ब. नं. १२०१८,
फोन : ०१-४५३१०४३
९८४९१४५५३४,९८५१००१३२५
इ-मेलः artharojgar@gmail.com
www.rojgarmanch.com



# पाठक पत्र



## फ्री भिसा फ्री टिकट सस्तो नारा मात्रै !

सरकारले खाडी मुलुक तथा मलेसियामा वैदेशिक रोजगारीमा जादा कुनैपनि शुल्क तिर्नु नपर्ने गरी फ्री भिसा फ्री टिकटको नीति लागू गराएको झण्डै ८ वर्ष वितिसक्यो, तर आजसम्म पनि यो नीति सस्तो नारामै सीमित भएको छ। केहीका संख्यामा शुल्क नतिरि गए होलान तर अधिकांश विदेश जाने युवाहरू लाखौ रकम खर्च गर्न बाध्य भैरहेका छन। यदी सरकारले यो नीति कार्यान्वयन गराउन सक्दैन भने फ्री भिसा फ्री टिकटमा विदेश जान पाइन्छ भनेर किन आशा देखाइरहने ?

*- राजन शिवाकोटी, बुटवल*

शुन्य लागतको नियमले विदेशीने कामदार झन ठुलो ठगिमा परेका छन। शुन्य लागत अथवा १० हजार सेवाशुल्क भनिदा लाखौ बुझाउदा पनि कामदारले रसिद अथवा भर्पाई सोही नियम अनुसारको मात्र पाउने गरेका छन। जसका कारण विदेशमा अलपत्र भएर फर्कनुपर्दा अथवा कुनै उजुरी गर्नुपर्दा आफुले बुझाएको रकम दावि गर्ने कुनै आधारनै रहदैन। यसैले सरकारले कि त शुन्य लागतमै जान पाउने कि त कति लाग्ने हो त्यतीको रसिद काटने व्यवस्था गरिदिनुपर्छ।

*- विनिता रावल, युएई*

## छलफल मात्र गरेर पुग्दैन



बेलायतमा नेपाली नर्स लैजाने विषयमा स्वास्थ्य मन्त्री र बेलायती राजदूतबीच छलफल भएको समाचार यस पत्रिकामा पढन पाइयो। सधै छलफल गरियो पहल गरियो भनेर मात्र भएन, यो-यो देशमा यस्ता यस्ता कामका लागि नेपाली श्रमिक जाने सम्झौता भयो र जान सुरु भयो भन्ने सुन्न पाइयोस्। होइन भने यस्ता भेटघाटले मात्र नेपाली श्रमिकहरू विकसित मुलुकमा जान पाउने अवस्था सपनामै सीमित हुने निश्चित छ।

*- राजेन्द्र खड्का, काठमाडौं*

## पुनः विदेशिने धेरै छन्



वैदेशिक रोजगारीबाट विट मारेर स्वदेश फर्किएका अधिकांश नेपालीहरू पुनः वैदेशिक रोजगारीमा जान बाध्य हुनुपरेको तितो यर्थाथ हामीले भोगिरहनुपरेको छ। सुरुमा केहि वर्षलाई भनेर जानेहरू पारिवारिक जिम्मेवारीबोधका कारण लामोसमय विदेशमै पसिना बगाउनु परिरहेको अवस्था त छ नै स्वदेश फर्कन्छु भनेर आइहाले पनि यहाँ टिक्न नसके पछि फेरी उतै फर्कने क्रम घटन सकेको छैन। लेखक युवराज नयाँघरेले 'फिनिस्-फिनिस्' लेखमा गोपीलाल पात्र मार्फत उजागर गरेको यर्थाथता प्रवासमा रहेका धेरै नेपालीको वास्तविक भोगाई हो।

*- उजिर महर, नेपालगञ्ज*

## दुःखीहरूको वेदना कसैले सुन्दैनन्

गरिखाने ठाँउ हुनेहरू र पढेलेखेकाहरू भनेजस्तो काम पाइएन भनेर झन ठुला अवसर खोजी गरि हिडिरहेका छन। तर, जोसँग शिक्षा र अवसरको पहुँच छैन उनीहरूसँग जे काम पायो त्यो गर्नुको विकल्प केही पनि छैन। अर्थ र रोजगार पत्रिकामा प्रकाशित 'स्वाभिमानी सलिना'लेखमा सलिनाले भोगेको दुःख र गरेको संघर्षले पुष्टि गर्छकी यो देशमा यस्ता दुःखीहरूको वेदना सुन्ने कुनै निकाय नै छैन।

*- सुदेश रायमाझी, कतार*



## गजल



**लीलाराज दाहाल**

अचेल यो रोगी समयले चित्कार गर्दैछ,
फूलले नि आज काँडालाई बलत्कार गर्दैछ !

उनलाई भेटूँ भेटूँ लाग्न छोड्यो अचेल त,
अब भने यो औषधिले चमत्कार गर्दैछ !

कसरी होला बाँच्ने अब ? सोच्दैछु म अझै,
पुलिस अचेल चोर डाकालाई नमस्कार गर्दैछ !

अभाव र महङ्गीको यो अँध्यारो शासनमा
तस्करले पो इमान्दारलाई दुत्कार गर्दैछ !

- बागमती ११, कर्मैया, सर्लाही

# विमानस्थलबाट फर्काइँदै श्रमिक

पछिल्लो समय श्रम स्वीकृति लगायतका सम्पूर्ण प्रक्रिया पुरा गरी विदेश उड्न लागेका श्रमिकहरुलाई त्रिभुवन विमानस्थलमा रहेको अध्यागमन कार्यालयले फर्काउने क्रम बढेको छ भने भिजिट भिसामा काम गर्न जानेहरू सरासर उडिरहेका छन्। विमानस्थलमा पटक पटक सेटिङको चर्चा हुने गरेकोमा यो अझै रोकिन सकेको छैन।




● अर्थ र रोजगार

गत असार २७ गते साँझ श्रम स्वीकृति लिएर कुवेत उड्न लागेका १०१ जना र असार २८ गते विहान १६ जना गरी ११७ जना श्रमिकलाई त्रिभुवन विमानस्थलमा रहेको अध्यागमन विभागले कागजात शंकास्पद रहेको भन्दै फर्काइ दियो। यसअघि असार २४ गते श्रम स्वीकृति लिएर जोर्डन उड्न लागेका १५ जना नेपाली महिला श्रमिकलाई पनि अध्यागमनले वर्किङ भिसा नदेखिएको भन्दै रोकेको थियो।

सुनसरीकी प्रमिला राई (नाम परिवर्तन) फ्लाई दुवईको जहाजबाट घरेलु कामदारका रुपमा यूएई उडिन्। उनीसँग भिजिट भिसा, अर्काले बोक्न दिएको केही डलर र हवाई टिकट मात्र थियो। उनीसँगै अरु ५ जना महिलाहरू पनि थिए। एजेण्टले विमानस्थलमा सेटिङ गर्नुपर्छ भनेर जनही ३० हजार उनीसँग छुट्टै लिएको थियो। बेलुकाको उडानमा विना रोकतोक उनीहरू उडे, कसैले सोधेन।

तर, पछिल्लो समय श्रम स्वीकृति लगायतका सम्पूर्ण प्रक्रिया पुरा गरी विदेश उड्न लागेका श्रमिकहरूलाई त्रिभुवन विमानस्थलमा रहेको अध्यागमन कार्यालयले फर्काउने क्रम बढेको छ भने भिजिट भिसामा काम गर्न जानेहरू प्रमिला जसरी सरासर उडिरहेका छन्। विमानस्थलमा पटक पटक सेटिङको चर्चा हुने गरेकोमा यो अझै रोकिन सकेको छैन भन्ने यसैबाट प्रष्ट हुन्छ।

संस्थागत श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा उडन लागेका नेपालीलाई अध्यागनले रोक्दा त्यसको मार कामदार,

## श्रम स्वीकृति लिएकालाई **अध्यागमनले रोक्न मिल्दैन**



**मदन दाहाल**, *महानिर्देशक वैदेशिक रोजगार विभाग*

वैदेशिक रोजगार विभाग र अध्यागमन विभागबीच समन्वय भइरहेको थियो तर श्रम स्वीकृति लिइसकेका कामदार फर्काएर अध्यागमन विभागले गलत कदम चालेको हाम्रो ठम्याई छ। श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा जानेलाई अध्यागमनले रोक्न मिल्दैन, सबै कागजात हेरेर वैदेशिक रोजगार विभागले श्रम स्वीकृति प्रदान गरेको हुन्छ। भोलिका दिनमा कुनै समस्या नआउन भनेर हामी समन्वय गरिरहेका छौं।

रोजगारदाता तथा मेनपावर कम्पनीलाई परिरहेको छ। सरकारको एउटा निकाय वैदेशिक रोजगार विभागले श्रम स्वीकृति दिने अनि अर्को निकाय अध्यागमन विभागले रोक्ने गर्दा त्यसको सीधा मार वैदेशिक रोजगारमा जाने कामदारमा परेको छ।

पछिल्लो समय श्रम स्वीकृति लिएर कुवेत, जोर्डनलगायतका खाडि मुलुक उड्न लागेका अधिकांश महिला कामदारहरू विमानस्थलबाट फिर्ता गर्दा टिकटबापत मात्रै झन्डै एक करोड रुपैयाँ गुमेको थियो भने कतिपयको भिसा अवधि समाप्त भएपछि रोजगारको अवसर नै गुमाउनु परेको छ।

ठुलो संख्याका श्रमिक विमानस्थलबाट फर्काइएपछि वैदेशिक रोजगार व्यवसायीहरू आन्दोलित भए भने वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति प्रदान गर्ने वैदेशिक रोजगार विभागले पनि अध्यागमनको यस हस्तक्षेपप्रति आपत्ति जनायो।

'भिसा र श्रम स्वीकृतिमा कुनै कुरा फरक परेमा यस सम्वन्धी अन्तिम निर्णय गर्ने अधिकार वैदेशिक रोजगार विभागलाई मात्र रहेकाले अध्यागमन विभागले श्रम स्वीकृतिको विषयमा प्रवेश गर्नु उपयुक्त होइन' वैदेशिक रोजगार विभागका महानिर्देशक कुमार दाहाल बताउँछन्।

इजाजतप्राप्त संस्थाहरूले ऐनले व्यवस्था गरेको दफाहरू अनुसार प्रक्रिया पुरा गरी वैदेशिक रोजगारीमा पठाउन सक्ने व्यवस्था रहेको र संस्थागत श्रम स्वीकृती लिई श्रमिकहरूलाई गलत स्थान वा कागजातका आधारमा वैदेशिक रोजगारीमा पठाए कारवाहीको व्यवस्था विद्यमान रहँदारहदै अध्यागमन कार्यालयबाट फिर्ता पठाउनु मनासिव नरहेको वैदेशिक रोजगार विभागको ठहर छ। विभागले भनेको छ -'एकै प्रकृतिका कागजातको आधारमा एउटै लटमा श्रम स्वीकृति लिई प्रस्थानको लागि एयरपोर्ट पुगेका व्यक्तिहरू मध्ये कसैलाई प्रस्थानको अनुमति दिएको र कसैलाई नदिएकोप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ।'

अध्यागमन विभागले श्रमिकहरूले पेश गरेको कागजात शंकास्पद देखिएकाले तथा हातमा एउटा भिसा र झोलामा अर्को भिसा भेटिएकाले उडान अनुमति नदिइएको जनाएको छ। उनीहरूले पेस गरेका कागजातहरूको प्रारम्भिकरूपमा छानबिन गर्दा केही श्रमिकहरूले पेस गरेको भिसा सम्बन्धित देशको आधिकारिक वेबसाइटमा नखुलेको र भिसाको अवस्था वेटिङ अप्रुभल देखिएको विभागको भनाइ छ।

अध्यागमन विभागका महानिर्देशक झलकराम अधिकारीले शंकास्पद कागजातको विषयमा विभागले आन्तरिक छानबिन गरिरहेको र आफ्नो दायरामा रहेर काम गरेको प्रतिक्रिया दिएका छन्। फर्काइएका कामदारलाई अध्यागमन विभागले क्षतिपूर्ति दिनुपर्ने माग मेनपावर व्यवसायीहरूले राखेकोमा महानिर्देशक अधिकारीले अध्यागमन कर्मचारीले दैनिक दर्जनौं यात्रु फर्काउने गरेको र कसैलाई क्षतिपूर्ति दिने नगरिएको भन्दै जोर्डन तथा कुवेत जानेक्रममा फर्काइएका कामदारहरूलाई पनि कुनै क्षतिपूर्ति दिन नसकिने जवाफ दिएका छन्।

वैदेशिक रोजगार व्यवसायीहरूले अध्यागमन विभागले विना कारण दुःख दिने गरेको गुनासो गरेका छन्। वि.सं. २०७१ बैशाख ३० मा अध्यागमन विभागका तत्कालिन महानिर्देशक शरदचन्द्र पौडेलको अध्यक्षतामा श्रम स्वीकृति जारी भएका श्रमिकहरूको हकमा अध्यागमन विभागले अनावश्यक हस्तक्षेप नगर्ने निर्णय गरेको थियो। जुन निर्णय अनुसार श्रम स्वीकृतिमा कामदारको पेशा र कम्पनी फरक परेपनि अध्यागमन त्यस विषयमा प्रवेश नगर्ने उल्लेख छ।

सरकारले मलेसिया र खाडि मुलुकहरूमा घरेलु श्रमिक जान रोक लगाएको छ। तथापी यसरी फर्काइएका श्रमिकहरू अन्य कामको श्रम स्वीकृतिमा घरेलु कामकै लागि जान लागेको आशंकामा विमानस्थलबाट फर्काइएको अध्यागमन विभागको दावी छ। अध्यागमनको दावीप्रति असन्तुष्टि जनाउदै नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले भिजिट भिसाको सेटिङलाई प्रश्रय दिन तथा संस्थागतरुपमा पठाउने व्यवसायीलाई निरुत्साहित गर्न अध्यागमनले श्रमिकको उडानमा रोक लगाएको आरोप लगाएका छन्।

शंकाकै भरमा श्रमिक रोकिदा टिकटवापतको करौडौ रुपैया व्यवसायीहरूले नोक्सानी व्योहोर्नुपरेको बताउदै संघका अध्यक्ष भण्डारीले भने -'शंका लागेको भन्दै टिकट काटेर उड्न विमानस्थल पुगेका श्रमिक फर्काइदा व्यवसायीको करोडौ खर्च भएको छ, यसरी फर्काइदा कतिपय कामदारको भिसा अवधि समाप्त भएको छ, यसको क्षतिपूर्ती अध्यागमनले दिनुपर्छ।'

यसैबीच राष्ट्रिय मानव अधिकार आयोगले संस्थागत श्रमस्वीकृति लिएर पनि कुवेत जान रोकिएका ११७ नेपालीलाई अध्यागमन विभागले क्षतिपूर्ति दिनुपर्ने बताएको छ। आयोगले श्रमिकको अधिकारप्रति जिम्मेवार निकायहरू संवेदनशील हुन नसक्दा आप्रवासी कामदारको अधिकार उपभोग र प्रचलनमा अवरोध हुन



**झलकराम अधिकारी**
*महानिर्देशक, अध्यागमन विभाग*

## भिसा नक्कली भेटिएपछि रोकिएको हो

विदेश पुगेर विमानस्थलबाटै फर्काइएका तथा नेपालकै विमानस्थलबाट फर्काइएका व्यक्तिहरूको कागजपत्र नियन्त्रणमा लिई विभागले अनुसन्धान गरिरहेको छ। जसमा धेरैजनाको भिसा नक्कली भेटिएको छ। कसैको भिसा नै एप्रुभ भइसकेको छैन। अध्यागमनले आफ्नो कार्य क्षेत्रमा रहेर काम गरेको हो।



> श्रम स्वीकृत लिएर वैदेशिक रोजगारीमा जान लागेका श्रमिकलाई फर्काइएको विरोधमा वैदेशिक रोजगार व्यवसायी संघले विरोध नै जनायो। संघले अध्यागमन कार्यालय अगाडि प्रदर्शन गर्दै सरकारको ध्यानाकर्षण गराएको थियो।




पुगेको जनाएको छ।

अध्यागमन विभागले कामदार रोकेपछि गृह र श्रम मन्त्रालयका सचिवहरूसँगै अध्यागमन र वैदेशिक रोजगार विभागका महानिर्देशकहरूबीच बैठक बसेको थियो। बैठकमा वैदेशिक रोजगार विभागले अध्यागमन विभागलाई शंकास्पद भनिएका कागजात पेस गर्न भनेकोमा अध्यागमनले आन्तरिक छानबिनको क्रममा रहेको भन्दै आजसम्म प्रमाण पेस नगरेको विभागले जनाएको छ।

### कुवेतको 'वेटिङ भिसा' अन्योलता

कुवेतको भिसा स्वीकृत नभई वेटिङमा रहेको भन्दै कामदार फिर्ता गराएको अध्यागमन विभाग अन्नत आफै चुकेको छ। गत जनवरीदेखि कुवेतले विद्युतीय भिसा जारी गर्न थालेको छ। जस अनुसार त्यो भिसा लिएर कुवेती दूतावासमा स्वीकृतिका लागि जानुपर्नेमा नेपालमा कुवेती दूतावास नभएपछि नेपाली दूतावासको पहलमा कुवेतको आन्तरिक मन्त्रालयले कुवेती दूतावासबाट भिसा स्वीकृति गर्न नपर्ने व्यवस्था गरेको थियो। जस अनुसार नेपाली श्रमिकको हकमा दिइएको 'वेटिङ भिसा' लाई कुवेती दूतावासले स्वीकृति दिने उल्लेख छ। त्यसलाई हेरेर कुवेतको अध्यागमनले प्रवेश दिने गर्छ। तर, नेपालको अध्यागमनले असार २७ देखि भिसा स्वीकृति हुनुपर्ने अडान राखेपछि कुवेत जानेहरू रोकिन थालेका थिए।

### दुई विभागबीच विज्ञप्तीबाजी

अध्यागमनले श्रमिक फर्काएको विषयमा सरकारका दुई निकाय अध्यागमन विभाग र वैदेशिक रोजगार विभागबीच समन्वय नगरी विज्ञप्तीबाजी नै चल्यो। शुरुमा अध्यागमन विभागले विज्ञप्ती निकालेर श्रमिक फर्काइनुको जवाफसँगै वैदेशिक रोजगारमा जाने सबै यात्रुका लागि ४ बुँदे शर्त अघि सारेको थियो। यस लगत्तै वैदेशिक रोजगार विभागले बिज्ञप्ती जारी गर्दै अध्यागमनको कार्यशैली र शर्तमाथि ध्यानाकर्षण भएको जनाएपछि अध्यागमनले पुनः अर्को विज्ञप्ती निकालेर प्रचलित कानुनले दिएको आ-आफ्नो कार्यक्षेत्रभित्र रही कार्य सम्पादन गर्ने विषयमा अध्यागमन विभाग पूर्ण प्रतिबद्ध रहेको जनाएको थियो।

असार ३१ गते विज्ञप्ती जारी गर्दै अध्यागान विभागले अध्यागमन ऐन, नियमावली र कार्यविधि बमोजिम नेपाल बाहिर प्रस्थान गर्ने र नेपालभित्र प्रवेश गर्ने जुनसुकै यात्रुहरूले पेश गरेको कागजातको आधिकारिकता जाँच गरी आगमन तथा प्रस्थान अनुमति दिने वा नदिने सार्वभौम अधिकार अध्यागमन अधिकृतमा निहित रहने जनाएको थियो।

कुवेत जान लागेका श्रमिकहरूको सन्दर्भमा पनि निजहरूले पेश गरेका कागजातहरूको प्रारम्भिक रुपमा छानबिन गर्दा केही श्रमिकहरूले पेश गरेको भिसा सम्बन्धित देशको आधिकारीक वेवसाइटमा नखुलेको, भिसाको अवस्था अप्रुभल हुन बाँकी देखिएको र भिसाको आधिकारिकताका सम्बन्धमा द्विविधा उत्पन्न भएको, भिसामा उल्लेख भएको रोजगारदाताको नाम र श्रम स्वीकृति/सम्झौता पत्रमा उल्लेख रोजगारदाताको नाम फरक परेको जस्ता कारण श्रमिक रोकिएको अध्यागमनले विज्ञप्तीमार्फत जवाफ दिएको थियो।

यी विषयमा थप छानबिन गरी आवश्यक निर्णयमा पुग्नका लागि छानबिन समिति गठन गरिएको जानकारी दिदै अध्यागमनले छानबिन समितिको प्रतिवेदन प्राप्त भई अर्को निर्णय नहुँदासम्मका लागि वैदेशिक रोजगारमा जाने सबै यात्रुका लागि ४ बुँदे शर्त अघि सारेको थियो।

जस अनुसार अङ्ग्रेजी बाहेक अन्य भाषामा भएका भिसा अनिवार्य रुपमा अंग्रेजी भाषामा अनुवाद गरी नोटरी समेत गरी पेश गर्नुपर्ने, भिसामा उल्लेख भएको रोजगारदाताको नाम र श्रम स्वीकृति सम्झौता पत्रमा उल्लेख भएको रोजगारदाताको नाम र पेशा एउटै हुनु पर्ने, मुल कम्पनी र होल्डिङ कम्पनी अन्तर्गतको कम्पनीसँग सम्झौता गरी श्रम स्वीकृति लिएको भए उक्त प्यारेन्ट कम्पनी/होल्डिङ कम्पनीले उक्त कम्पनी आफू मातहतको कम्पनी हो भनि लेखेको आधिकारिक पत्र पेश गर्नुपर्ने, कुवेत जाने श्रमिकहरूको इभिसाका सम्बन्धमा सम्बन्धित मेनपावर कम्पनीले सम्पूर्ण

## कामदारलाई क्षतिपूर्ति राज्यले दिनुपर्छ



**_राजेन्द्र भण्डारी_**
*अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ*

बेलाबेलामा अध्यगमनले श्रमिकहरूलाई दुःख दिइरहन्थ्यो तर एकै पटक ठुलो संख्यामा श्रमिक विमानस्थलबाट फर्काएर व्यवसायीहरूलाई हतोत्साही बनाउने काम भयो। त्यसमा श्रमिकहरूको टिकटलगायतको खर्च भैसकेको हुन्छ। सबै प्रकृया पुऱ्याएर जादा पनि फर्काइनु दुःख दिने नियत नै हो। अब ती कामदारलाई राज्यले क्षतिपूर्ति दिनुपर्छ। बिनाकारण श्रमिकहरू विमानस्थलबाट फर्काइनुको कारण बारे छानविन गरेर दोषिलाई कारवाही हुनुपर्छ।

जिम्मेवारी दिई प्रतिवद्धतापत्र पेश गर्नु पर्ने शर्त अध्यागमनले राखेको थियो ।

अध्यागमन विभागको यस प्रकृतिको विज्ञप्ति आएलगत्तै सोही दिन वैदेशिक रोजगार विभागले त्यसलाई खण्डन गर्दै विज्ञप्ती निकालेको थियो । विभागले श्रम स्वीकृति लिइ कुवेत/जोर्डन जान लागेका श्रमिकहरूलाई अध्यागमन कार्यालयले पेश गरेका कागजात शंकास्पद भनी प्रस्थान अनुमति नदिएकोमा गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । 'यस विभागबाट एकै प्रकृतिका कागजातको आधारमा एउटै लटमा श्रम स्वीकृती लिई प्रस्थानको लागि एयरपोर्ट पुगेका व्यक्तिहरूमध्ये कसैलाई प्रस्थान अनुमति दिएको र कसैलाई नदिएको तथ्य देखिएको छ, सबै प्रक्रिया पुरा गरी विमानस्थल पुगेका श्रमिकहरूलाई आधार विना विमानस्थलबाट फर्काउने कार्यलाई गम्भीररुपमा लिएका छौं' विभागका सूचना अधिकारी गुरुदत्त सुवेदीद्धारा हस्ताक्षित विज्ञप्तीमा भनिएको थियो ।

इजाजतप्राप्त संस्थाहरूले ऐनले व्यवस्था गरेको दफाहरू अनुसार प्रक्रिया पुरा गरी वैदेशिक रोजगारीमा पठाउन सक्ने व्यवस्था रहेको र संस्थागत श्रम स्वीकृती लिई श्रमिकहरूलाई गलत स्थान वा कागजातका आधारमा वैदेशिक रोजगारीमा पठाए कारवाहीको व्यवस्था विद्यमान रहदारहदै अध्यागमन कार्यालयबाट फिर्ता पठाउनु मनासिव नरहेको विभागको विज्ञप्तीमा उल्लेख छ ।

अध्यागमन विभागले राखेको शर्तहरूको जवाफ दिदै वैदेशिक रोजगार विभागले अंग्रेजी वाहेक अन्य भाषामा भएका भिसा अनिर्वायरुपमा अंग्रेजी भाषामा अनुवाद गरी नोटरीसमेत पेश गर्नुपर्ने सन्दर्भमा विभागको अनुवादकबाट अनुवाद भई विभागबाट श्रम स्वीकृति हुने जवाफ दिएको छ ।

यस्तै भिसामा उल्लेख भएको रोजगारदाताको नाम, श्रम स्वीकृति/सम्झौतामा उल्लेख भएको रोजगारदाताको नाम र पेशा एउटै हुनुपर्ने उल्लेख भएकोमा सोही बमोजिम एउटै हुने गरेको, यदि फरक परे सो सम्वन्धी अन्तिम निर्णय गर्ने अधिकार वैदेशिक रोजगार विभागलाई मात्र रहेकाले अध्यागमन विभागलाई श्रम स्वीकृतिको विषयमा प्रवेश नगर्न विभागले विज्ञप्तीमार्फत सचेत गराएको छ ।

यस्तै विभागले कुवेत जाने श्रमिकको इभिसाको सम्वन्धमा सम्वन्धित इजाजतप्राप्त संस्थाले जिम्मेवारी लिई प्रतिवद्धता व्यक्त गर्नुपर्ने भनिएकामा इजाजतप्राप्त व्यवसायी वैदेशिक रोजगार ऐन बमोजिम जिम्मेवार रहने हुदा छुट्टाछुट्टै प्रतिवद्धता पत्र आवश्यक नरहने जनाएको छ ।

अध्यागमन विभागले छानविन समिति गठन गर्नु सह्रानीय भएपनि यस प्रकारको घटनामा गृह मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गतको संयुक्त छानविन समिति गठन गरी स्वतन्त्रतापूर्वक छानविन हुन तथा भविष्यमा समेत यस प्रकारको घटना नघट्ने वातावरणको सृजना गर्नको लागि विभागले अनुरोध गरेको छ ।

विज्ञप्तीमार्फत वैदेशिक रोजगार विभागले भनेको छ -'विगत वर्षहरूमा केही अस्पष्टता तथा द्धिविधा भएमा अध्यागमन विभाग, बैदेशिक रोजगार विभाग लगायतका सम्बद्ध निकायहरूको संयुक्त बैठक बसी समस्याको समाधान गर्ने प्रचलन रहेकोमा श्रम स्वीकृति दिने निकायलाई औपचारिक जानकारी समेत नदिई बैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको प्रस्थान अनुमति नदिई फर्काउनु अस्वभाविक भएको हुँदा आगामी दिनमा संयुक्त बैठक तथा छलफलबाट समस्याको निराकरण हुन उपयुक्त हुने तथा विभाग सोको लागि सहकार्य तथा समन्वय गर्न सदैव तत्पर रहेको व्यहोरा समेत अनुरोध छ ।'

वैदेशिक रोजगार विभागको जवाफी विज्ञप्तीपछि असार ३२ गते अध्यागमन विभागले पुनः अर्को विज्ञप्ति निकालेर कार्यक्षेत्रभित्र रहेर कार्य सम्पादन गर्ने विषयमा आफूहरू प्रतिबद्ध रहेको जनाएको थियो । 'नेपाल सरकार कार्यविभाजन नियमावली २०७४ बमोजिम कार्यक्षेत्र तोकिएका विषयमा तत् तत् निकायको जिम्मेवारीभित्र पर्ने विषयमा विभाग प्रवेश गर्ने कुनै मनसाय नभएको र प्रचलित कानुनले दिएको आ-आफ्नो कार्यक्षेत्रभित्र रही कार्य सम्पादन गर्ने विषयमा अध्यागमन विभाग पूर्ण प्रतिबद्ध रहेको छ', अध्यागमन विभागका निर्देशक खिमराज भुसालद्धारा जारी विज्ञप्तिमा उल्लेख छ ।




### वैदेशिक रोजगार व्यवसायीको आक्रोश

श्रम स्वीकृत लिएर वैदेशिक रोजगारीमा जान लागेका श्रमिकलाई फर्काइएको विरोधमा वैदेशिक रोजगार व्यवसायी संघले विरोध नै जनायो । संघले अध्यागमन कार्यालय अगाडि प्रदर्शन गर्दै सरकारको ध्यानाकर्षण गराएको थियो ।

वैदेशिक रोजगार ऐन २०६४ अनुसार सम्पूर्ण कानूनी प्रक्रिया पूरा गरी संस्थागत रुपमा श्रम स्वीकृती लिएर वैदेशिक रोजगारीमा कुवेत, जोर्डन लगायतका विभिन्न देशहरूमा जान लागेका कामदारहरूलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा रहेको अध्यागमन कार्यालयले बिनाकारण फर्काइरहेको भन्दै संघले विरोध प्रदर्शन गरेको हो ।

अध्यागमनको बिना कारण विदेश जानबाट रोक्ने कदमले व्यवसाय गर्न समस्या हुने भन्दै उनीहरूले बिरोध गरेका हुन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले बिना कारण अध्यागमन विभागले कामदार विदेश जानबाट रोकेका कारण विरोध गर्नुपरेको बताएका थिए ।

उनले अध्यागमन विभागले नागरिकलाई दिएको दुःख र उनीहरूलाई जान नदिँदा भएको क्षतिपूर्ति नदिएसम्म आन्दोलन जारी राख्ने चेतावनी दिए । उनले अध्यागमनले विना कारण कामदारलाई विदेश जान रोक्ने र दुःख दिने हो भने व्यवसाय नै बन्द गर्ने चेतावनीसमेत दिए ।

उनले भने, 'अध्यागमनले विना कारण सम्पूर्ण प्रक्रिया पुऱ्याएका करिव १९० भन्दा बढीको संख्यामा श्रमिक फर्काएको छ, यसरी फर्काइदा टिकट वापतको ठुलो रकम डुबेको छ, सबै प्रक्रिया पुऱ्याएर जाँदा पनि अन्तिममा श्रमिक फर्काइन्छ, दुःख दिइन्छ, त्यसको बिरुद्ध हामीले बिरोध गरेका हौं । बिना कारण दुःख दिइएकोमा हाम्रो विरोध हो ।'

'हामीले शान्तिपूर्ण आन्दोलन शुरु गरेका छौं, यदि अध्यागमनले फर्काइरहन्छ भने हामी वैदेशिक रोजगारीमा पठाउने काम केही समयका लागि बन्द गर्नेछौं । यसको जिम्मा लिएर क्षतिपूर्ति नदिएसम्म यहाँको महानिर्देशकले यसको नैतिक रुपमा जिम्मेवारी लिएर छानबिन गरेर कारबाही नगरेसम्म हामी बन्द गर्नेछौं । कामदारको जुन क्षति भएको छ, त्यसको क्षतिपूर्ति व्यहोर्नुपर्छ' अध्यक्ष भण्डारीले भने ।

संघका महासचिव मेघनाथ भूर्तेलले महानिर्देशकले गरेको ज्यादती विरुद्ध व्यवसायीहरूले विरोध प्रदर्शन गरेको बताए । उनले भने -'अध्यागमनको कानमा हावा छिरेको छैन भने हामीले हावा भर्न पनि जानेका छौं ।'

सम्पुर्ण कागजी प्रकृया पुऱ्याएर तथा श्रम स्वीकृति लिएर बैदेशिक रोजगार जान लागेका सोझा सिधा श्रमिकलाई अध्यागमनले लात हान्ने काम गरेको भन्दै महासचिव भूर्तेलले त्यसको क्षतिपूर्ति अध्यागमनले वेहोर्न नमाने निरन्तर विरोध गर्ने चेतावनी समेत दिए ।

संघले पछिल्लो समय अध्यागमन विभाग र वैदेशिक रोजगार विभागबीच भएको समझदारीपछि कामदार फर्कने क्रम रोकिएपछि विरोधका कार्यक्रम रोकेको छ ।

### एक वर्षमा झण्डै पाँच हजार विमानस्थलबाट फर्काइए

भिजिट भिसामा विदेश जान लागेका झण्डै पाँच हजार जनालाई अध्यागमन तथा प्रहरीले एक बर्षभित्रमा फिर्ता गरेको छ । बेचबिखनको उच्च जोखिममा रहेकाहरूलाई मानव बेचबिखन अनुसन्धान ब्युरोले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट फिर्ता गरेको हो । भिजिट भिसामा हुने मानव बेचबिखन रोक्न ब्युरोको टोली गत वर्षदेखि नै खटिँदै आएको छ । नक्कली कागजपत्र भएका र आफूहरू जान लागेको ठाउँका बारेमा राम्रो ज्ञान नभएका व्यक्तिहरूलाई फर्काइएको ब्युरोको भनाई छ । फर्काइएका मध्ये धेरैजसो महिला कामदार छन । यसरी भिजिट भिसामा लगिनेहरू घरेलु कामदारका रूपमा बिक्री हुने गरेको पाइएको छ ।

'अहिले मानव बेचबिखनको स्वरूप फेरिँदै गएको छ र यसको नियन्त्रण चुनौतीपूर्ण हुँदै गएको छ,' एसएसपी जीवनकुमार श्रेष्ठले भने, 'भिजिट भिसादेखि विद्यार्थी भिसामासमेत मानव ओसारपसार र बेचबिखन भइरहेको छ, यसको नियन्त्रणका लागि ब्युरोले सक्रियताका साथ काम गरिरहेको छ ।'

एक वर्षको अवधिमा ब्युरोमा मानव बेचबिखनसम्बन्धी ४३ वटा मुद्दा दर्ता भएको छ । जसमा एक सय ७० जना पीडित रहेकोमा एक सय ६६ महिला र चारजना पुरुष छन् ।

### घरेलु कामदार एक वर्षमा ५० हजारभन्दा बढि विदेश उडे

व्यवस्थापिका संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिको निर्देशनपछि २०७२ साल चैतदेखि घरेलु कामदारका रूपमा जाने महिला कामदारका हकमा श्रम स्वीकृति जारी गरेको छैन । हाल प्रतिबन्ध रहे पनि नेपाली महिला कामदार इराक, युक्रेन, लिबिया र कुर्दिस्तान लगायतका देशमा अवैधानिक र असुरक्षित रूपमा घरेलु रोजगारीमा गइरहेको महिला अधिकारवादी संस्थाहरूले औँल्याउँदै आएका छन् ।

प्रतिबन्ध लगाएपछि विशेषगरी खाडी देश कुवेत, ओमान, यूएई, कतार, बहराइन, युएई र मलेसिया लगायतका देशहरूमा कामका लागि नेपाली महिलाहरू त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सेटिङ र भारत, श्रीलंका तथा म्यानमारको अवैध बाटो हुँदै दैनिक सरदर न्यूनतम दुई सयजना, महिनामा ४२ सय र वार्षिक ५० हजार बढी गैरकानुनी रूपमा तस्करी भइरहेको महिला अधिकारवादी संस्थाहरूको अध्ययनमा उल्लेख छ ।

खाडी देश र मलेसियामा घरेलु रोजगारीमा गएका नेपाली महिला कामदारमाथि चरम आर्थिक, मानसिक र शारीरिक शोषण हुने गरेको भन्दै समितिले ती देशमा जाने घरेलु महिला कामदारको श्रम स्वीकृतिमा रोक लगाउन सरकारलाई निर्देशन दिएको थियो ।

घरेलु कामदार सरोकार समाज नेपालका अध्यक्ष किशन प्रधानले वैदेशिक रोजगारीका नाममा मानव तस्करी र असुरक्षित हुने भन्दै महिलाहरूलाई वैधानिक रूपले जाने प्रक्रिया रोक्नु उचित नभएको बताउँछन् । नेपाली महिला मानव तस्करीमा परेकाले नेपाल सरकारले तत्कालै आफ्नो पुरानो निर्णय परिवर्तन गरी श्रम स्वीकृति खुला गर्नुपर्ने उनको माग छ ।

महिला अधिकारवादी संस्थाहरूले वैदेशिक रोजगारअन्तर्गत घरेलु कामदारको श्रम स्वीकृति नदिने सरकारी निर्णय परिवर्तनका लागि राष्ट्रिय महिला आयोगमार्फत आग्रह गर्दै आएका छन् । वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन तथा विदेशमा नेपालीहरूको हक अधिकारको संरक्षण गर्न आवश्यक भएपनि महिला भएकै कारण रोजगारी र स्वतन्त्रतापूर्वक आवागमनको संविधान प्रदत्त अधिकार उपभोगमा अंकुश लगाउने कार्य न्यायोचित नभएको ती संस्थाको आरोप छ ।





**डिल्लीराज पौडेल**
मलेसियाका लागि नेपाली राजदूत

# 'मलेसियाली गृहमन्त्रीसँग **पूर्वप्रधानमन्त्री नेपालको भेट** शिष्टाचार भेट मात्र हो'

पूर्वप्रधानमन्त्री माधव कुमार नेपालले इन्डोनेशिया भ्रमणका क्रममा एकदिन मलेसियालाई ट्रान्जिट बनाउनु भएको थियो । मलेसियामा आफ्नो देशको पूर्वप्रधानमन्त्री आउँदा सरोकारवाला निकायसँग भेट गराउँने कूटनीतिक अभ्यास हुन्छ । त्यसकारण यहाँको गृहमन्त्रीसँग समय मिलाएर नितान्त शिष्टाचार भेटघाट गऱ्यौ । त्यो शिष्टाचार भेटघाटको आफ्नै महत्व हुन्छ ।

भेटघाटका क्रममा पक्कै केही विषयमा छलफल भए । केही न केही सन्दर्भ पनि हुनुपर्छ नै । नेपाल र मलेसियाको बायोलायटर सम्बन्ध कसरी सुमधुर बनाउने एउटा विषय थियो । अर्को इकोनोमी डिप्लोमेसी अन्तर्गत नेपाल र मलेसियाबीचको आर्थिक सम्बन्धलाई कसरी विस्तार गर्न सकिन्छ भन्ने कुरा रहयो ।

मलेसियाको हकमा एउटा लेबर डेष्टिनेशन कन्ट्री पनि भएकाले लेबर डिप्लोमेसीका कुरा हुनै पऱ्यो । हाम्रा यति धेरै दाजुभाई तथा दिदिबहिनीहरू यहाँ काम गर्नुहुन्छ । हामीसँग इमिग्रेसनको एउटा जल्दोबल्दो इष्यु छ । यहाँ कतिपय नेपालीहरू जीवन र मरणको अन्तिम अवस्थामा पनि छन् । उनीहरूलाई नेपाल फर्कने रहर हुन्छ । अनि उनीहरूलाई रेस्क्यु गरेर एनआरएनएको सेल्टरमा अथवा उसको रोगको प्रकृति हेरेर अस्पताल पठाउनुपर्ने अवस्था छ । उसको रोगको प्रकृति हेरेर चिन्ता नगर नेपाल सरकार छ, त्यहाँ गएर बस भनेर भन्नुपर्ने अवस्था छ । यस्ता कुराहरूलाई हटाइदिनुपर्यो, यसले हाम्रा श्रमिकहरूलाई दुःख भयो भन्ने कुरा पनि उठायौं । समग्रमा दुई देशबीच सुमधुर सम्वन्ध बनाउनको निम्ति यस्ता कुराहरू मलेसियाका गृहमन्त्री समक्ष गरेका छौं ।

त्यति मात्रै होइन यहाँ ओभरस्टेको पनि समस्या छ । हाम्रा साथीहरू जानेर हो या नजानेर ओभरस्टे भइरहेका छन । वहाँहरूले ओभरस्टे भएको पिरियडको हिसाबले फाइन तिर्नुपर्छ । सामान्यताया ३१ सयसम्म फाइन तिर्नुपर्ने हुनसक्छ । यसैले यत्रो वर्ष यहाँ बसेर काम गऱ्यो तपाईहरूले सक्नुहुन्छ भने त्यो फाइन पनि हटाइदिनुहोस् भन्ने कुराकानी भयो । त्यो गरिदिदाँ कमसेकम एउटा लेबरमाथि न्याय हुन्छ भनेर यी विषयमा पनि कुराकानी भयो ।

त्योभन्दा बाहेक श्रमिकहरू आइसकेपछि आवासको व्यवस्था कम्पनीले गरिदिने भन्ने हुन्छ । वहाँहरूले दिने आवास श्रमिकमैत्री हुनुपर्ने व्यवस्था छ तर धेरै ठाउँमा त्यो नभएको र थोरै मान्छे राख्नुपर्ने ठाउँमा धेरै राखिएको पाइन्छ । यस्ता क्रियाकलापको अन्त्य गर्नुपर्छ भन्ने कुरा राख्यौ । यस्तै यहाँ ६ महिनासम्म काम लगाएर एम्बेसीको अगाडि ल्याएर छोडिदिने गरेको पनि पाइन्छ । तलब टाइममा पाउनुपर्यो, आवास राम्रो हुनुपऱ्यो अनि अर्को सबैभन्दा ठूलो कुरा ओभरटाइम र विदाको व्यवस्था कडाइका साथ लागू गराउनुपऱ्यो भन्ने विषयहरूमा कुराकानी भए ।

यी सबै कुराहरूमा दुई देशका सरकारकाबीचमा अझ गहन छलफल गर्नु आवश्यक छ । यस्तै अहिले जो श्रमिकहरू हुनुहुन्छ उहाँहरूलाई कसरी अलि दक्ष बनाउने तथा अब आउने श्रमिकहरूलाई पनि यसरी नै आउने वातावरण बनाउन सके धेरै राम्रो हुने थियो । यी लगायत मलेसिया र नेपालबीचको जुन सम्वन्ध छ त्यसलाई अझै कसरी राम्रो बनाउन सकिन्छ भन्नेमा दुई देशका सरकारबीच छलफल हुन सके धेरै राम्रो हुने थियो ।

जुन यो भेटघाटलाई सिन्डिकेट लगाउने विषयसँग जोडिएर बाहिर समाचार आए त्यो सरासर गलत हो । नेपाल र मलेसियाबीचको सम्वन्ध र श्रमिकको हकहितका विषयमा भएको शिष्टाचार र सदाचारी भेटघाट मात्रै हो यो । एउटा राजदूतले चाहेर पनि सिन्डिकेट गराउन सक्दैन । राजदूतले त्यहाँभित्र गएर शिष्टाचार भेटघाट गर्ने कुरा पनि होइन । कल्पना नै गर्न नसकिने कुरा बजारमा आउँदा म आफै आश्चर्यचकित छु ।

अहिले मलेसियामा रहेको नेपाली दूतावासमा रहेको टिम योङ, इनर्जेटिक र एक्सपेरियन्सवाला छ र वहाँहरूप्रति मलाई पुरा विश्वास छ । हामीले सेवा प्रवाह र नेपाली समूदायप्रति निर्वाह गर्नुपर्ने कर्तव्यलाई पूर्णतया पालना गरेका छौ । दुतावासको नाम लिएर कोही कसैले गलत काम गर्छ भने उनीहरूलाई कानुनी कारवाहीको दायरामा ल्याउनेछौ ।

*(नेकपा एकीकृत समाजवादीका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल र मलेसियाली गृहमन्त्रीबीचको भेटवार्ता बारे मलेसियाका लागि नेपाली राजदूत डिल्लीराज पाण्डेसँग अर्थ र रोजगारले गरेको कुराकानीको सारसंक्षेप)*

# रोजगारीका लागि **भिजिट भिसामा थाइल्यान्ड र म्यानमार** नजान परराष्ट्र मन्त्रालयको आग्रह



परराष्ट्र मन्त्रालयले थाइल्यान्ड र म्यानमारमा सूचना प्रविधिको क्षेत्रमा रोजगारीका लागि गएका नेपालीहरू ठगिएको भन्दै सचेत हुन आग्रह गरेको छ।

एक विज्ञप्ति जारी गर्दै परराष्ट्र मन्त्रालयले नेपालीहरूलाई म्यानमारको कायिन प्रान्तको म्यावडीमा लगेर बन्दी बनाई अवैध काम गर्न बाध्य बनाउने गरेको र तलब र सुविधा पनि नदिइएको जानकारी प्राप्त भएको जनाएको छ।

नक्कली रोजगारीका विज्ञापनहरू प्रायः सामाजिक सञ्जालमा आउने गरेका देखिएकोले यस्ता भुटा आश्वासनमा नपर्न परराष्ट्रले आग्रह गरेको छ। विदेशमा रोजगारी गर्न जाँदा पर्यटक र भिजिट भिसामा नगई प्रचलित नेपाल कानूनबमोजिम श्रम स्वीकृति लिएर मात्र विदेश जान मन्त्रालयले अनुरोध गरेको छ।

रोजगारीका लागि विदेश जानुअघि नेपाल सरकारका सम्बन्धित कार्यालयहरू तथा विदेशस्थित नेपाली नियोगहरूसँग सम्पर्क गरी रोजगारदाता कम्पनी र रोजगारीको बारेमा बुझ्न र आफैंले समेत सम्बन्धित कम्पनी र रोजगारदाताको बारेमा वेबसाइट, टेलिफोन र इमेल मार्फत सम्पर्क गरी जाँचबुझ गर्न पनि परराष्ट्र मन्त्रालयले आग्रह गरेको छ।

बैंकक र यांगुनका नेपाली दूतावासहरूले स्थानीय सरकारसँग समन्वय गरी केही संख्यामा नेपालीहरूको उद्धार गरिसकेको र थप नेपालीको उद्धारको प्रयास भइरहेको परराष्ट्रले जनाएको छ। यसैबीच, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले पनि युरोपेली श्रम गन्तव्य देशमा जान असम्बन्धित व्यक्ति वा संस्थाको अनुचित प्रभावमा नपर्न सुझाव दिएको छ।

मन्त्रालयले प्रेस विज्ञप्तिमार्फत आकर्षक सेवा, सुविधाको प्रलोभन देखाई माल्टा, रोमानिया, पोल्याण्ड, पोर्चुगललगायतका युरोपियन श्रम गन्तव्य देशमा रोजगारी दिने बहानामा लाखौं रुपैयाँ ठगी गरेको सम्बन्धमा सुक्ष्म अनुसन्धान गरिरहेको जानकारी दिँदै असम्बन्धित व्यक्ति वा संस्थाको अनुचित प्रभावमा नपर्न सुझाव दिएको छ।



# आकर्षण इन्टरनेशनलले शून्य लागतमा पठायो एक हजार ८ सय ७५ कामदार

AAKARSHAN INTERNATIONAL PVT. LTD.
आकर्षण ईन्टरनेशनल प्रा. लि.
quality.trust.relation

शुन्य लागतमा वैदेशिक रोजगारमा कामदार पठाउँदै आएको आर्कषण इन्टरनेशनल प्रा.लिले आर्थिक वर्ष २०७९/०८० मा एक हजार ८ सय ७५ जना कामदार पठाएको छ। यी कामदारबाट कुनै पनि शुल्क नलिई विदेश पठाइएको आकर्षणले जनाएको छ।

आकर्षणले गत आर्थिक बर्षमा एक हजार ६ सय ५४ जना पुरुष र २ सय २१ जना महिलासहित एक हजार ८ सय ७५ जना कामदारलाई कुनै पनि खर्च नलाग्ने गरि न्यायोचित नियुक्तिको प्रक्रिया अवलम्बन गरी पूर्णतया शुन्य लागतमा वैदेशिक रोजगारमा पठाएको जनाएको छ। आकर्षण इन्टरनेशनका अध्यक्ष विष्णुबहादुर केसीले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव केवलप्रसाद भण्डारी तथा वैदेशिक रोजगार विभागका महानिर्देशक मदन दाहाललाई भेट गरेर गत आर्थिक बर्षमा शुन्य लागतमा कामदार पठाएको जानकारीसहितको पत्र बुझाएका छन्।

मेनपावर कम्पनीहरूले कामदारबाट बढि पैसा असुल्ने गरेको आरोप लागिरहँदा आकर्षणले पूर्णतया शुन्य लागतमा कामदार पठाएर उदाहरण प्रस्तुत गरेको भन्दै मन्त्रालयका सचिव भण्डारीले आकर्षण इन्टरनेशनलको प्रसंसा गरेका छन्।

कामदार विदेश जाँदा निःशुल्क र पारदर्शी तरिकाले विदेश जान पाउनु पर्छ भन्ने मान्यता आकर्षणको रहेको जानकारी दिँदै अध्यक्ष केसीले भने-'शून्य लागतको प्रक्रियाबाट वैदेशिक रोजगारीमा जादा श्रमिकहरूको घर परिवारमा आर्थिक भार नपर्नुका साथै राज्यको ढुकुटीमा समेत उल्लेखनीय टेवा पुग्नेछ।'

वैदेशिक रोजगारीमा शुन्य लागतमा विदेश पठाउने मेनपावर संस्था र न्यायोचित नियुक्तिको प्रयत्नमा लागेका संस्थाहरूलाई सरकारले हौसला र दक्षता सम्बन्धी अभिवृद्धि गराउन सहजिकरण गर्नु पर्ने अध्यक्ष केसीको भनाई छ।

आकर्षण इन्टरनेशनलका प्रवन्ध निर्देशक मिलन थापाले कामदार विदेश जाँदा लाग्ने सम्पूर्ण खर्चहरूमा भिषा, टिकट, मेडिकल, विमा, कल्याणकारी कोष, सामाजिक सुरक्षा कोषका साथै अन्तर्वार्तादिखि उडानसम्मको प्रक्रियामा आउने जाने गाडी भाडा, खाना, बस्नको व्यवस्थापन एवमं राहदानी वापतको शुल्क समेत भुक्तानी गरिने जानकारी दिए। थापाले भने-'श्रमिकहरूको सम्पूर्ण हक अधिकार र सुरक्षाको प्रत्याभूति गराउदै शुन्य लागतमा वैदेशिक रोजगारमा पठाइरहेका छौं।'

आकर्षणले वैदेशिक रोजगारीको लागि मलेसियामा बजारीकरण गर्दा न्यायोचित नियुक्ति गर्न अन्तर्राष्ट्रिय मान्यता प्राप्त रोजगारदाता कम्पनीहरूबाट मात्र मागपत्र ल्याई ईच्छुक नेपालीहरूलाई रोजगारीको अवसर प्रदान गर्दै आएको प्रवन्ध निर्देशक थापाको भनाई छ।

आकर्षणले भोलिका दिनमा पनि शुन्य लागतमा मात्र कामदार वैदेशिक रोजगारमा पठाउने जनाउँदै सरकारले मेनपावरले लिन पाइने सेवा शुल्क परिमार्जन गर्न आवश्यक भएको बताएको छ।

२०६२ साउन १ गते स्थापना भएको आकर्षणले व्यवसायिक सफलताका साथै सामाजिक काममा पनि आफुलाई अग्रसर बनाइरहेको छ।

## वार्षिकोत्सवको अवसरमा अपांग पुर्नस्थापना केन्द्रलाई सहयोग




आकर्षण इन्टरनेशनल प्रा.लिले आफ्नो १९ औं वार्षिकोत्सवको अवसरमा सामाजिक उत्तरदायित्व अन्तर्गत अपाङ्ग पुर्नस्थापना केन्द्रलाई खाद्यान्न तथा शैक्षिक सामाग्री सहयोग गरेको छ।

कम्पनीका अध्यक्ष विष्णु केसीको संयोजकत्वमा काठमाडौंको गोकर्णेस्वरमा अवस्थित अपाङ्ग पुर्नस्थापना केन्द्रमा गई अध्यक्ष उदय लिम्बू र बालबालिकाहरूलाई आवश्यक खाद्यान्न र शैक्षिक सामाग्री हस्तान्तरण गरिएको थियो।

सामाजिक उत्तरदायित्व अन्तर्गत वार्षिकोत्सवको अवसर पारेर विगतदेखि नै गर्दै आएको कार्यलाई निरन्तरता दिनका लागि अपाङ्ग पुर्नस्थापना केन्द्रमा सहयोग गर्न आएको बताउँदै अध्यक्ष विष्णु केसीले सो अवसरमा केन्द्रलाई शैक्षिक सामाग्री, खाद्यन्न, फलफूल लगायतका सामाग्रीहरू उपलब्ध गराएका थिए। घरवारविहीन बालबालिकाहरूलाई सहयोग गर्न पाउँदा आकर्षण परिवार एकदमै खुशी महशुस भएको अध्यक्ष केसीले बताए।

संस्था स्थापनादेखिनै व्यवसायसँगै समाजका लागि पनि केही गर्नुपर्छ भन्ने उद्देश्यका साथ विगत ८ वर्षदेखि शुन्य लागतमा श्रमिकहरू वैदेशिक रोजगारमा पठाउँदै आएको बताउँदै अध्यक्ष केसीले आगामी दिनहरूमा पनि सामाजिक कार्यलाई सँगसँगै लिएर सेवा र सहयोगलाई निरन्तरता दिदै जाने प्रतिबद्धता जनाए।

त्यस्तै अपाङ्ग पुर्नस्थापना केन्द्रका अध्यक्ष उदय लिम्बूले खाद्यान्न तथा शैक्षिक सामाग्री अभाव हुन नदिनका लागि आकर्षण इन्टरनेशनलले आफ्नो वार्षकोत्सवको अवसरमा गरेको सहयोगको प्रसंसा गर्दै आगामी दिनमा पनि यस्तै कार्यहरू गर्दै जान आग्रह गरे। विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूको सहयोगबाट नै पुर्नस्थापना केन्द्र चलिरहेको बताउँदै अध्यक्ष लिम्बूले अपाङ्ग बालबालिकाहरूको उज्वल भविष्यको लागि अन्य संस्थाहरूबाट पनि यस्तै साथ र सहयोगको अपेक्षा रहेको बताए।


www.nepalairlines.com.np
Nepal Airlines
The best way to Visit Nepal
FOR SAFE, RELIABLE AND QUALITY SERVICE
नेपाल वायुसेवा
OPERATING ROUTES:
New Delhi
Mumbai
Bangalore
Doha
Riyadh
Dubai
Kathmandu
Hongkong
Bangkok
Kualalumpur
Narita
For detail information on flights, please contact your travel agent or us
International Sales (Kathmandu)
Reservation: 4248625, 4248618, 4244055
Sales: 4248607, 4248614
Airport: 4113011, 4113211
Domestic Sales (Kathmandu)
Reservation: 4224497, 4248604
Tourist Sales: 4227133
Airport: 4470668
Email: info@nac.com.np | Tel.: 4220757 | Fax: 4225348



● बिन्दु अधिकारी ढकाल
binduadhikari2018@gmail.com

## रमिलाको संघर्ष

# एउटै चिन्ता छ 'ऋण कसरी तिर्ने ?'




देशको अर्थतन्त्र आर्थिक मन्दीको चपेटामा परेको बेला नयाँ आर्थिक वर्षमा कस्तो बजेट आउँला ? नागरिकमा जुन उत्साह र कौतुहल थियो, सरकारले सार्वजनिक गरेको नीति तथा कार्यक्रमबाटै अवगत भयो कि बजेट ल्याउनु/आउनु भनेको सिर्फ कर्मकाण्डी परम्परा हो । यतिबेला नेपाल वेरोजगारको समस्याले आक्रान्त छ ।

हामी समृद्धिका कुरा गर्छौं । तर युवा पलायनको अहिलेको स्थितिले बुढाबुढी र बालबच्चाबाहेक भेटिन मुस्किल छ । गाउँघरमा विकराल वनिरहेको यो अवस्था भोलि शहरमा मौलाउदैन भनेर ठोकुवा गर्ने आधार छैन । हो, अहिले वैदेशिक रोजगारी र शिक्षाका लागि जाने संख्या बर्खाको उर्लदो बाढी झैं भएको छ । दैनिक १५ सयभन्दा बढी नागरिक पलायन हुनुले हाम्रो मुलुक कतातिर धकेलिदै छ ? भन्ने गम्भिर प्रश्न उठदैन र ! यस प्रश्नको जवाफ कसले र कुन निकायले देला ?

बजारमा पैसा छैन भन्ने गरिएको छ । अनौपचारिक रुपमा हेर्दा नेपालीको ठुलो पुँजी सेयर र घरजग्गामा फसेको छ । गाउँमासमेत आर्थिक मन्दी छ । परिणामतः गाईभैंसी, खसीबोका लगायतको दाम घटेको छ । यसको मतलव मान्छेसँग क्रय क्षमता नै छैन । हो, ऐनाझैं छर्लङ यो स्थिति वर्तमान समयको यथार्थता हो । आर्थिक वृद्धि भनेको आय बढ्ने अवस्था हो । मुद्रा स्फीतिले महँगी जनाउँछ ।

अर्को, अकाट्य सत्य जब 'स्टुडेन्ट' भिसामा हाम्रा छोराछोरी विदेशीने क्रम चलेको छ । त्यता कलेजलाई फी बुझाउने स्रोत नेपालकै धन हो नि, होइन र ? यताबाट प्रक्रिया सुरु गरेपछि किस्ता किस्तामा खातामा रकम पठाउनु पर्छ, यो कुरा कतिले विश्वास गर्नु हुन्छ ? देशपिच्छे नियम, ठाउँपिच्छे कानुन अँध्यारोमा हिँडेको बाटो सोचे जस्तो सहज होला र ? फेरि, थोरै तिनो रकम होइन ।

डलरमा रुपान्तरण गर्न लाखौंलाख नेपाली रुपैयाँ नभई पुग्नेवाला छैन । भर्खर 'प्लस टु' सकेका अधिकांश दूधे बालकका लागि दिलोज्यान दिएर हामी अभिभावक अहोरात्र यसरी जुट्छौं र खट्छौं । विदेशिका हातमा रकम सुम्पन यसरी जुटेपछि हामी कङ्गाल नबनेर को हुन्छ ? एउटाले भन्छ, जावोस् हाम्रो छोरी । अर्कोले भन्छ, जावोस् हाम्रो छोरा । एक दुई गर्दै कति हाम्रा छोराछारी बाहिरी सके थाहा छ ? यहाँ अब ब्याचलर पढाइ हुने कलेज टाट पल्टिसके ।

चुनावताका रोजगारी र उद्यमशीलताका विषयलाई उच्च प्राथमिकता दिँदै आएका राजनीतिक दलहरू चुनाव जितेर सरकारमा पुगिसकेपछि यसबारे वेखबर रहन्छन् । त्यसैले हुन सक्छ, जनप्रतिनीधिप्रति नागरिकको आक्रोस - 'जुन दलको सरकार होस्, चिनेर के गर्नु ? आकाशको गर्जन जस्ता नेता र छिन-छिनमा बदलिने नेतृत्वबारे हामीलाई किन सोध्नु हुन्छ ? जसलाई राजनीतिको 'र' नै थाहा छैन' यसरी पोखिन्छन् । झ्वाकिन्छन् ।

'कुन ठुलाठालुले हाम्रो भाँडामा चामल हाल्दिन्छन् र वास्ता गर्नु ? साँच्चै, भन्ने हो भने श्रमजीविप्रति सरकारको नजर नै छैन' सर्वसाधारणहरू यसो भन्छन । यस्तै एक श्रमजीवि सर्वसाधारण हुन् रमिला पाठक । राज्यप्रति कस्तो छ त उनको विचार ?

'मेरो घर काभ्रे हो । १४ वर्षको उमेरमा रामेछापबाट बिहे गरेर काभ्रे ल्याए/आएँ । मेरो श्रीमान् नि उही उमेरको हुनुहुदो रछ । घरमा हजुरआमालाई नातिनी बुहारी भित्राउने धोकोले केटी माग्न आए । बुवा दाजुलगायत आफन्त बसेर कुरो छिने पछि बिहे भो । यो २०५० सालको कुरा हो ।

श्रीमान् काठमाडौं आउनु भाको भयो,

१२/१३ वर्ष । पहिला काँडाघारीमा बस्नुहुन्थ्यो । त्यहीँ गार्मेन्ट फ्याक्ट्री चलाउने योजना लिएर आउनुभएको थियो । सुरु गरेको कारखाना के अफाप भो-भो चल्नै सकेन । समुहका साथीले साथ नदिएपछि एक्लैको के लाग्दो रहेछ र ? जिन्सका पाइन्ट र जिन्सकै ज्याकेट बनाउने ती मेसिन किन्दाको दाम सम्झदा यतिखेर पनि थामिदैन मन । अनि, काम नै तमाम भएपछि वेवारिस पारेर के राख्नु ? ती सामान सल्टाउदा ठुलो घाटा वेहोर्नु पर्‍यो । हो, त्यही बेलादेखि लागेको ऋण अहिलेसम्म उठाउन सकेका छैनौं ।

श्रीमान्ले धेरै पढ्नु भएको छैन । उहाँको पढाइ सात कक्षा हो तर मैले त्यति पनि पढेकी छुइन । माइतीमा रहुन्जेल नजिक थिएन स्कुल । बेलामा नपढेपछि बिहे भयो । त्यसपछि त झन् घरपरिवार, बालबच्चा र खेतीपातीमा समय खर्चिदा पढाइ न लेखाइ । सोच्नै सकिएन । हो, आफ्नो नाम लेख्न पनि आउदैन मलाई । मोबाइल फोनको जमाना हुनाले हातमा बोक्छु तर नम्बर डायल गर्न जान्दिन । घण्टी बज्दा उठाउन आउँछ ।

शहर पसेर काम गर्दा दुई चार पैसा कमाइन्छ कि भन्ने आशाले ब्याज कबुलेर चलाएको अर्काको धन समयमा फर्काउन सकिएन । खाइनखाइ जोडेको घडेरीको टुक्रा बेच्दा पनि त्यो ऋण तिर्न सकिएन । गार्मेन्ट उँभो नलाग्दा एकाएक व्यवहार बिग्रियो । हो, अरु व्यवसाय सुरु गर्न पनि पहिला त पैसै चाहियो । फेरि, कहाँ खोज्नु ? कोसँग माग्नु ? ऋणमाथि ऋण बढाउनुको साटो मान्छेले विदेश-विदेश भनेको सुन्दा साँच्चै फलिफाप होला कि भनेर श्रीमान् विदेश पनि जानुभो तर आफूले सोचेजस्तो कमाइ नभए पछि अर्काको ठाउँमा नबस्ने भनेर फर्कनु भयो ।

हाम्रा तीन छोरी गाउँमै जन्मे । उतै हुर्के र त्यतैको सामुदायिक विद्यालयमा पढे । दुःखसुख सबैलाई कक्षा १२ सम्म पढायौं । लेखायौं । अहिले तिनै छोरीको बिहे भइसक्यो । ऋणपान जसोतसो गरेर गाउँबाटै छोरीहरू अन्मायौं । सबैको मागी बिहे हो । समयक्रमले हामी नातिनातिनाका धनी पनि भइसक्यौं । हो, ढुक्कको कुरो छोरीहरू आ-आफ्ना घर सम्हालेर बसेका छन् ।

काभ्रे घरमा बुवाआमा (सासु-ससुरा) हुनुहुन्छ । गाउँको जग्गा कमाउन दिएका छौं । त्यहीको आयस्ताले दुई बुढाबुढीलाई खान पुग्छ । यति नै भनेर ठ्याक्कै थाहा नभए पनि ६० वर्ष नाघिसक्नु भयो । हामी श्रीमान् श्रीमती जस्तै बुवाआमा पनि एकै उमेरका हुनुहुन्छ । धन्न निरोगी हुनाले ऐया आथ्था छैन, तर आमाको घुडा दुख्छ । डाक्टरलाई जचाउदा हड्डी खिइएको भन्छन् । बरु मेरो बुवा चाहिँ रोगी हुनुहुन्छ ।'

रमिलाका कुरा सुन्दा गाउँकै चिनजानका मानिसमार्फत ऋण लिएका रहेछन्, चौबिस प्रतिशत ब्याज कबुलेर । दिनेले विश्वासले दिए, लिनेले पनि अनैतिक गरौ भनेर अर्काको नासो लिएका होइनन् । प्रयोजन नै असफल भयो त के गर्नु ? विकल्प गरेर तिर्नुपर्छ भनेर दौडधुप गर्दा समयले साथ दिएन । अप्ठ्यारो पर्‍यो । काठमाडौंको बसाइँ सजिलो छैन । कसरी गुजारा गर्दै हुनुहुन्छ ? भनेर सोधेको प्रश्नमा उनले भनिन्- 'सिस्टर तपाईलाई भन्नु पर्दा जम्मा ६ वर्ष भयो श्रीमान्सँगै बस्नेगरी काठमाडौं आएको ।




त्यसअघि यसरी ढुक्कले गाउँ छोडेकी थिइन । त्यता धेरै दुःख गरेँ । जीवन हो हरेस खानु हुँदैन भन्ने लाग्छ, तर अहिले एउटै तनाव ऋण कसरी तिर्नु भन्ने छ, यही बोझले दिनरात सताएको छ ।

दिनभरि मजदुरी गरेर कमाएको पैसा कति नै हुन्छ र ? त्यही पनि महिनाको ५ हजार कोठा भाँडालाई पर्छ । श्रीमान्ले सटर लिनु भाको छ, मासु पसल गर्न । त्यहाँ ९ हजार बुझाउनु पर्छ । व्यापार भए समस्या थिएन तर आफूले सोचे अनुसार कुखुराको मासु बिक्दैन । थोरैतिनु बिक्रीले पालिनु कि साहु बुझाउनु ?

पहिला अलि कम थियो, सटर भाँडा । त्यहाँ व्यापार भएन भनेर अन्यत्रै सर्‍यौं । नयाँ ठाउँ अनुसार दैनिक एक दुईटा खसी पनि काट्न पाए हुन्थ्यो तर बेस्सरी चलेका पसल नै सुनसान छन् । आश्चर्य लाग्छ, यसरी व्यापार घट्दा । घरीघरी पसलमा बस्दा ग्राहकहरूले भनेको सुन्छु, उनीहरू जलवायु परिवर्तनका कुरा गर्छन् । पृथ्वीलाई ठुलो असर छ भन्छन् । छिचोलेर सबै कुरा भन्न नजाने पनि वर्षेनी यो गर्मी बढेको देख्दा मान्छेका रमाइला दिन सकिएकै हुन् त ? भन्ने पनि लाग्छ । नासिने समय । खल्तीमा पैसा भए कसलाई मीठो खान मन लाग्दैन र ?

उता माइतमा दाजुको जागिर छैन । हलो कोदालोसँग भिड्दा जसोतसो गर्जो टार्छन् । वृद्ध बुवालाई धेरै प्रकारको रोग हुनाले बेलामौका औषधी किनेर पठाउनु पर्छ । सन्तान हुनुको कर्तव्य जे सकिन्छ, बाँच्दै सेवा गर्नु पर्छ । आधुनिक समाजमा देखाउने प्रवृत्ति निकै मौलाएर गएको छ । अनपढ मलाई धेरै कुरा गर्न त आउदैन तर आफ्नो विवेकले भ्याएसम्म जे सकिन्छ, जानेको छ गर्छु । काम गर्न लाज मान्नु हुँदैन भनेर नै यता बासबस्ने वरीपरी केही घरमा घरायसी काम गर्छु' । महिना पुगेर तलव लिएको दिन खास हुँदो रहेछ, खुसी लाग्छ ।'

रमिलालाई पीर भनेकै ऋण कसरी तिर्नु भन्ने छ । गाउँमा जग्गा जमिन भएका मानिस यसरी दुई-दुई ठाउँ भाँडा तिरेर किन बस्नु पर्‍यो ? उतै गएर केही गर्दा हुँदैन ? भन्ने पनि लाग्छ । तर, यत्रो शहर पसेर काम गर्दा त उँभो लागिएन भने अब कसरी हलो कोदालो गर्नु ? फेरि, विगतमा नगरेको पनि होइन । अब त सन्तान आ-आफ्नो बाटामा छन्, गुनासो छैन । मुख्य ऋणको चटारो हो । त्यो तिर्न पाए हुन्थ्यो भन्ने मात्र छ । यहाँ हाम्रो भगवान् बनेर को आउला र ? कसरी पो फर्स्यौट गर्नु !



# एनआरएनएको **एकताको महाधिवेशन** तथा विश्व सम्मेलन अक्टोवरमा, चुनावी रौनकता सुरु







गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषद (एनआरएनए, आइसीसी)को ११ औं विश्वसम्मेलन तथा अन्तर्राष्ट्रिय महाधिवेशन आगामी असोज ३० गतदेखि कार्तिक ३ गतेसम्म (१७ अक्टोबर -२० अक्टोबर, २०२३) काठमाडौँमा हुने भएको छ।

सोही अवधिमा संघको आयोजनामा विज्ञ तथा युवा सम्मेलन गरिने संघले जनाएको छ। प्रत्येक दुई बर्षमा हुने महाधिबेशनले नयाँ नेतृत्व समेत चयन गर्ने हुँदा अहिले चुनावी रौनकता शुरु भइसकेको छ। एनआरएनएले आगामी अक्टोवरपछि नयाँ नेतृत्व पाउने भएकाले अहिले एनआरएनबृतमा चुनावी माहोल बढेको छ।

अक्टोबरमा हुने महाधिबेशन एकताको महाधिबेशन हुने जनाइएको छ। एनआरएनएमा सहमतिका लागि भनेर १० औं महाधिबेशनले ३ जना अध्यक्षसहितको नेतृत्व र पुर्व अध्यक्ष शेष घलेको समुहले अर्कै एनआरएनएको नेतृत्व गरेपछि टुक्रिएको एनआरएनए ११ औं महाधिबेशनमा एक हुने जनाइएको छ।

आइसीसीको महाधिवेशन हुनुभन्दा दुई महिना अगाडि सबै राष्ट्रिय समन्वय परिषद् (एनसीसी)को अधिबेशन र नेतृत्व चयन गरिसक्नुपर्ने भएकाले जुलाइ १ देखि ३१ का बीचमा विश्वका ५९ भन्दा बढी राष्ट्रमा एनसीसीले महाधिबेशनमार्फत नयाँ नेतृत्व चयन गरिसकेको र बाँकी एनसीसीले पनि समयावधी अघि नै नेतृत्व चयन गरिसक्ने संघले जनाएको छ।

यसैबीच संघले अन्तर्राष्ट्रिय महाधिवेशनमा सहभागिताका लागि 'स्मार्ट एनआरएनए एप' मार्फत अगष्ट १० देखि २० तारिखसम्म महाधिवेशन प्रतिनिधि दर्ता गर्न सम्पूर्ण पन्जिकृत सदस्यहरूलाई आह्वान गरेको छ। प्रतिनिधिहरूको अन्तिम नामावली अगष्ट ३१ तारिखमा प्रकाशन गरिने हुँदा सम्पूर्ण एनसीसीहरूलाई यथासक्दो छिटो प्रतिनिधिहरूको अन्तिम नामावली पठाइदिन संघले आग्रह गरेको हो।

संघको अक्टोवरमा हुने विश्व सम्मेलनमा नेपाल सरकारका प्रतिनिधिहरू, विभिन्न राष्ट्रिय समन्वय परिषद्का गैरआवासीय नेपाली प्रतिनिधिहरू, एनआरएनका अभियन्ताहरू र स्वदेशी तथा विदेशी विशिष्ट व्यक्तित्व लगायत करिब ४ हजार भन्दा बढीको सहभागिता रहने संघले जनाएको छ ।

'नेपालीका लागि नेपाली' भन्ने मूल मन्त्रका साथ सन् २००३ मा स्थापित संघले २० वर्ष पूरा गर्दैगर्दा नेपालीहरूको उपस्थिति भएका ८७ मुलुकमा राष्ट्रिय समन्वय परिषद् स्थापना गरिसकेको र विश्वभरबाट ९६ हजार ८ सय ५० पन्जिकृत सदस्य संघमा आबद्ध भएको संघले जनाएको छ।

### एनसीसीमा नयाँ नेतृत्व : कतै सर्वसम्मत, कतै प्रतिषर्धा

एनआरएनए एनसीसीले आफ्नो अधिबेशन तथा नेतृत्व चयन सम्पन्न गरिसकेका छन्। अधिकांश एनआरएनएले सर्वसम्मत तथा सहमतिमा नेतृत्व चयन गरे भने केही देशमा अनलाइन भोटिङमार्फत निर्वाचन भयो। केही देशमा विवाद भएता पनि अन्तिम अवस्थामा नेतृत्व चयन भएर ५९ वटा एनसीसीले आफ्नो महाधिबेशन सम्पन्न गरिसकेका छन्।

एनआरएनए एनसीसीले अष्ट्रेलियाको भेरो भोटिङ प्रणाली प्रयोग गरेर निर्वाचन गरेको थियो। अमेरिका, अष्ट्रेलिया, कतार, बेल्जियम, जापान, दक्षिण कोरियालगायतका देशले अनलाइन भोटिङ गरेर नेतृत्व चयन गरे भने अरु अधिकांश एनसीसीले सहमतिमा नेतृत्व छानिसकेका छन्।

एनसीसीको अधिबेशन सकिएपछि आइसीसीको महाधिबेशनका लागि ४ हजार



**एनआरएनए मलेसियाको अधिवेशन, अध्यक्षमा विनोद थापा।**

एक सय ७६ जना डेलिकेट्स हुने भएका छन् ।

### आइसीसीमा उम्मेदवारी घोषणा बढ्दो

एनआरएनए आइसीसीको नेतृत्वका लागि धमाधम उम्मेदवारी घोषणा भइरहेका छन् भने संघको नेतृत्वका लागि दौडधुप शुरु भएको छ । आफ्नो पक्षमा माहोल बनाउनका लागि अध्यक्षका दावेदारहरू विभिन्न देशको एनसीसीको भ्रमणमा रहेका छन् ।

अहिले सबैभन्दा बढि सक्रियता उपाध्यक्ष आरके शर्माको रहेको छ । उनी नेतृत्वका लागि आफ्नो दावेदारी प्रस्तुत गर्दै आफ्नो पक्षमा माहोल बनाइरहेका छन् । युरोप, मध्यपुर्व, एसिया प्यासिफिकको भ्रमण गरिसकेका शर्मा अमेरिकाज र अफ्रिकाको भ्रमणमा जाने तयारीमा छन् । मध्यपुर्वबाट एनआरएनएले अहिलेसम्म नेतृत्व नपाएको हुँदा अवको कार्यकालका लागि सर्वसम्मत नेतृत्व पाउनु पर्ने दावी शर्माको छ । संघको नयां नेतृत्वको लागि वर्तमान अध्यक्ष डा. बद्री केसीले पनि आकांक्षा देखाएका छन्, यद्यपी उनले सर्वसम्मत नेतृत्वका लागि आफु बाधा नगर्ने बताउँदै आएका छन् । अर्का उपाध्यक्ष महेश श्रेष्ठ, महासचिव डा. केशव पौडेललगायतले समेत अध्यक्षको दावेदारी गर्दै आएका छन् ।




**एनआरएनए कतारको अधिवेशन, अध्यक्षमा रमेश भट्ट ।**

त्यसैगरी उपाध्यक्ष पदका लागि धेरै जनाले उम्मेदवारी दिने घोषणा गरेका छन् । वर्तमान उपाध्यक्ष रोविन्दप्रसाद श्रेष्ठ (गोविन्द), धर्मराज अधिकारी, युवा उपाध्यक्ष राज रेग्मी, सचिव खगेन्द्र न्यौपानेलगायतले उपाध्यक्षमा उम्मेदवारी दिने दावी गरिसकेका छन् ।

### उम्मेदवारी शुल्क घट्यो

एनआरएनएले नेतृत्वका लागि उम्मेदवारी दर्ता गर्दा लाग्ने शुल्क घटाएको छ । संघका अध्यक्ष डा. बद्री केसीका अनुसार संघको युवा तथा महिला पदाधिकारीहरूको लागि ७५ र अध्यक्षसहित अन्य पदाधिकारीहरूको लागि ५० प्रतिशत उम्मेदवारी शुल्क घटाउने निर्णय भएको छ । यसअघि अध्यक्ष पदको लागि १० लाख वा १० हजार अमेरिकी डलर शुल्क तोकेको थियो । यस्तै उपाध्यक्ष तथा महासचिवका लागि ६ लाख रुपैँया वा ६ हजार अमेरिकी डलर, सचिव तथा कोषाध्यक्षका लागि ५ लाख रुपैँया वा ५ हजार अमेरिकी डलर र सहकोषाध्यक्षमा उम्मदेवारी दर्ता गर्न ४ लाख रुपैँया वा ४ हजार अमेरिकी डलर शुल्क तोकिएको थियो । यस्तै महिला तथा युवा संयोजक र क्षेत्रीय संयोजकमा उम्मदेवारी दिन ३ लाख ५० हजार रुपैँया वा ३५ सय अमेरिकी डलर शुल्क तोकिएको थियो ।

निर्वाचन समितिले गरेको निर्णयअनुसार क्षेत्रीय उपसंयोजक र क्षेत्रीय महिला तथा युवा संयोजकका लागि २ लाख ५० हजार रुपैयाँ वा २५ सय अमेरिकी डलर शुल्क तोकिएको छ । यस्तै आइसीसी सदस्यमा उम्मदेवार बन्नका लागि १ लाख रुपैँया वा १ हजार अमेरिकी डलर शुल्क तिर्न'पर्ने थियो ।



# अमेरिकामा न्युयोर्क क्षेत्रका नेपाली व्यवसायीहरू संगठित बने

अमेरिकाको न्युयोर्क, न्युजर्सी र कनेक्टिकट राज्यमा व्यवसाय गरिरहेका नेपाली व्यवसायीहरू संगठित भएका छन् । व्यवसायिक हकहितकका लागि उनीहरूले ग्रेटर न्युयोर्क नेपाली चेम्बर अफ कमर्स स्थापना गरेका हुन् ।

प्रदीप श्रेष्ठको अध्यक्षतामा गठित ११ सदस्यीय तदर्थ समितिको सदस्यहरूमा नवीन क्षेत्री, लेलिन कँडेल, अमित प्रताप शाह, छेपाक दोर्जे गुरुङ, माम्पी घोष, अन्जन श्रेष्ठ, गोविन्द लामा, मनिता देवि गुरुङ, दीपक श्रेष्ठ र च्छोमो डजेल रहेका छन् ।

यस्तै सल्लाहकार समितिमा कानुन व्यवसायी खगेन्द्र जिसी, डा विनोद शाह, नवीन शेरचन, नवराज केसी, पासाङ नुरु शेर्पा र जंगबहादुर बम रहेका छन् ।

अमेरिकामा नेपाली मुलका व्यवसायीहरूलाई एकजुट बनाउँदै व्यबसायिहरूको हक र हितका लागि संस्था स्थापना गरिएको सस्थापक अध्यक्ष श्रेष्ठले बताए ।

तदर्थ समितिले तीन महिनाभित्र सदस्यता वितरण गरेर अधिवेशन गर्ने अभियान सुरु गरेको छ ।

## जापानमा **नेपाल फेस्टिबल** मनाइयो




जापानमा दुईदिनसम्म चलेको नेपाल फेस्टिबल भव्यरुपमा सम्पन्न भएको छ । गैरआवासीय नेपाली संघ (एनआरएनए) जापानले हरेक वर्ष आयोजना गर्दै आएको नेपाल फेस्टिबलमा नेपालको कला र संस्कृतिलाई जापानीहरू माझ चिनाउने उद्देश्य राखिएको छ ।

फेस्टिबलको पहिलो दिन पञ्चेबाजा, लोक भजन, लाखे नाच, नृत्य गायन प्रस्तुत गरिएको थियो भने फेस्टिबलको आर्कषणको रुपमा नेपालको परम्परा, धर्म र संस्कृति झल्कने घर बनाइएको थियो ।

फेस्टिवलमा व्यापारिक, नेपाली खाना र कपडाका स्टलहरू पनि राखिएको थियो ।


छिटो, सजिलो, विश्वासिलो यस्तो
हातमै पैसा दिए जस्तो
रकम पठाउन तथा पाउनका
लागि भरपर्दो माध्यम
Toll Free : 16600-144444
www.prabhumoneytransfer.com.np
prabhu
Money Transfer
प्रभुको इच्छा



# दुःखसँग जुद्दै सफलता चुमेका महेन्द्र चम्लागाई

> जीवनको धेरै समय कतारको सडक, गल्ली र समुन्द्रका किनारमा बित्यो। छोराछोरी पनि हुर्किए, पढाइलेखाई पुरा गर्ने चरणमा छन्। अब भने उनलाई जन्मभूमि नेपालप्रतिको माया र मोहले स्वदेश फर्कौं-फर्कौं लाग्न थालेको छ।

जीवनमा सफलताको घडी कहाँ, कतिखेर र कुन बेला घुम्छ-थाहा नै हुँदैन। छिटो चलाउँ भनेर पनि हुँदैन- ढिलो घुमाउँछु भनेर पनि हुँदैन। त्यो घडीले कतिखेर कहाँ क्लिक गर्छ पत्तै हुन्न।

घरको आँगनबाट कहिल्यै टाढा पाइला नराखेको एउटा मान्छेको जीवनमा कसरी एक अनौठो, चमत्कारपूर्ण र निकै उपल्लो तहको परिचय बनेर आउँछ थाहै हुन्न। हो, झापाका महेन्द्र चम्लागाईको जीवनमा यस्तै चमत्कारी सफलता प्राप्त भएको छ।

सामान्य कामदारकारुपमा २७ बर्ष अगाडि कतार छिरेका महेन्द्रले जीवनमा कहिल्यै पछाडि फर्किएर हेर्नु परेन। उनलाई कतारले विदा गरेन- आजसम्म त्यतै राख्यो। कतारमा उनी कामदार भएर होइन -एउटा सम्मानित र सफल व्यवसायीको परिचय बनाएर रहिरहनसकेका छन आजका दिनसम्म।

उनी आफैलाई कतार पुगेपछि केही वर्षपछि नै फर्किहाल्छु भन्ने विचार थियो। तर परिस्थितिले अर्कै मोड लियो। उनी यसरी जमे- नेपाली, बंगलादेशी, भारतीय लगायत ४/५ हजार युवालाई रोजगारी दिने कम्पनीका मालिक नै बन्न पुगे। आम नेपालीहरूका लागि एक उदाहरणीय व्यक्तित्वको परिचय बनाए।

दोस्रो घर कतार ठान्छन् उनी। घामपानी, अँध्यारो-उज्यालो र साँझ-बिहान गर्दै २७ वर्ष बिताएको कतारप्रति मोह र प्रेम छ महेन्द्रलाई। जीवनको आधा भाग यतै बितेकोमा उनी खिन्न हैन, खुशी छन्। आफ्ना बालबच्चा यहीँ जन्मिएका र यतै हुर्केकोमा कतारप्रति उनी कृतज्ञता व्यक्त गर्छन्। आफ्नो जीवनस्तर जिरोबाट हिरोमा पुऱ्याउने कर्मभूमी कतार उनलाई घरजस्तै लाग्छ।

०००

डाँगीबारी-३, झापा (अहिले बाह्रदशी गाउँपालिका-७) स्थायी घर भएका महेन्द्रका बुवा लोकनाथ, आमा डिकुरा चौलागाईका माइला छोरा हुन् महेन्द्र। उनका जेठा दाइ प्रेम चम्लागाईलाई पछ्याउँदै महेन्द्र कतार छिरेका हुन्। प्रेम अहिले काठमाडौं र झापामा व्यवसाय गरिरहेका छन्। कान्छा भाइ देविन्द्रप्रसाद चम्लागाई बाह्रदशी गाउँपालिकाका प्रमुख (मेयर) रहेका छन्।

महेन्द्र कर्मथलो कतारमा श्रीमती कन्चन,

छोरी कामक्षा र छोरा दुर्गाका साथ सपरिवार बस्दै आएका छन् । उडल्यान्ड कन्ट्राक्टिङ कम्पनी संचालन गर्दै आएका महेन्द्रको जीवनको आरोह-अवरोह धेरैका लागि सन्देशमूलक छ ।

०००

सन् १९९६ मा महेन्द्र कतार गए । त्यो बेला भर्खरै नेपालबाट वैदेशिक रोजगारीका लागि गाउँघरबाट युवाहरू बाहिरिन थालेका थिए । उनले असिस्टेन्ट सेल्समेनका रुपमा केही वर्ष काम गरे । सन् २००३ मा उनले नेपाली पत्रपत्रिका, उपन्यास बेच्नेगरी एउटा पुस्तक पसल खोले । यो दोहामा यस्तो प्रकारको पहिलो पसल थियो । उनी नेपालबाट पत्रिका, पुस्तक मगाएर बेच्ने गर्दथे । सन् २००५ मा उनले अर्को एउटा पाइला चाले । उडल्याण्ड इम्पोर्ट-एक्सपोर्ट कम्पनीका नाममा उनले नेपाल, चीन तथा दुवईबाट कतारमा कपडा ल्याएर बेच्न थाले । सन् २०१० मा चौलागाईले व्यापार अझ विस्तार गरे । उनले २८ जना कामदार थपेर कम्पनीको नाम फेरे उडल्याण्ड कन्स्ट्रक्टिङ एण्ड जेनरल सर्भिस ।

'म त १८ घण्टासम्म काम गर्थें । लगनशीलता र मिहिनेतलाई साथी बनाएर हिडिरहेँ' महेन्द्र भन्छन्- 'यो ठाउँमा आइपुग्छु भनेर मैले कल्पना पनि गरेको थिइनँ, मेरो मिहिनेतले पाएको सफलता हो यो, आजसम्म जेजस्तो उपलब्धी हाँसिल गर्न सके त्यसमा म धेरै खुशी र सन्तुष्ट छु ।'

बाल्यकाल सम्झेर बेलाबखत पीडाले चिमोटिरहन्छ उनलाई । अभाव र गरीबीले थिचेरै उनी मुग्लान भासिएथे । पढ्दै गरेको कक्षाकार्य थाती राखेर उनी कतार गएथे । केही वर्ष जागिर खाएपछि आफ्नै कम्पनी खोलेर उनी अगाडि बढिरहे । उनी जसरी अगाडि बढे- फर्केर हेर्ने फुर्सद भएन । काम खोज्न आएका उनी अहिले हजारौंलाई रोजगार दिने अवस्थामा पुगे ।

नेपाली दूतावास कतारको प्रस्तावमा नेपाली व्यवसायीहरू मिलेर नेपाली व्यवसायी संघ, कतार स्थापना भएको छ । कतार सरकारमा आधिकारिक दर्ता भएको यो नै पहिलो नेपाली संस्था हो । महेन्द्र अहिले संघका अध्यक्ष रहेका छन् । आफ्नो कार्यकालमा अझै विशेष योगदान पुर्‍याएर नेपाल र कतारबीचको सम्बन्धलाई नयाँ उचाइमा पुर्‍याउने उनको लक्ष्य छ ।

बाढीपहिरो, भूकम्प, कोरोना लगायतका स्वदेशमा बेलावखत आइपर्ने दैवीक र प्राकृतिक विपत्तिमा महेन्द्रकै नेतृत्वमा संघले धेरै काम गरेको छ । यस्तै कतारमा काम नपाएर अलपत्र परेका वा घर फर्किन नसकेकालाई संघले सहयोग गर्दै आएको छ । 'नेपाल र नेपाली समुदायको सहायताको लागि हामी प्रतिवद्ध छौ, कमाएको धनको केही हिस्सा नेपाल र नेपालीको लागि खर्च गर्नैपर्छ अनि मात्र हामीले आर्जेको सार्थकता रहनेछ' महेन्द्रको बुझाई छ ।

नेपाल र कतारको श्रम, बजार, उत्पादन र लगानी सबै क्षेत्रमा गहिरो अध्ययन भएका चौलागाई नेपालमा कतारका व्यवसायीको लगानी भित्र्याउने बारे सोचिरहेको बताउँछन् । नेपाल र कतारको व्यापार प्रवर्द्धन गर्नका लागि नेपाल निर्यात व्यवसायी संघसँग नेपाली व्यवसायी संघ कतारले साझेदारी पत्रमा हस्ताक्षरसमेत गरिसकेको छ । 'हामी व्यवसायी, नेपाली दूतावास र नेपालका निर्यात व्यवसायी भएर नेपाल-कतारबीचको व्यापार-व्यवसायमा चाँडै राम्रो नतिजा ल्याउने गरी काम गर्नेछौं' महेन्द्रको दावी छ ।

व्यवसायी संघको पहलमा कतारका केही व्यवसायीलाई नेपालमा लगानी गर्नका लागि लैजाने अठोट रहेको सुनाउदै उनी कतारका व्यवसायीहरूलाई नेपाल लैजानका लागि नेपाल सरकारले पनि विशेष पहल गर्न आवश्यक रहेको बताउँछन् । नेपालमा सरकारको स्थिरता र व्यवसायको सही वातावरण भएमा कतारका धेरै व्यवसायीहरू नेपाल आउने महेन्द्रको तर्क छ ।

०००

साढे ३ लाख नेपालीको कर्मभूमी हो कतार । 'कतारमा न्युनतम् तलब सरकारले तोकिदिएको छ । दूतावासमा त्यसबारेमा नराम्रो खवर र गुनासो उत्तिको आएको भेटिन्न । कतारले नेपालीका निम्ति ठूलो रोजगारीको अवसर दिएको छ' आफू पनि कामदार भएरै कतार छिरेका महेन्द्र पहिलाको तुलनामा अहिले धेरै राम्रो भएको बताउँछन् ।

जीवनको धेरै समय कतारको सडक, गल्ली र समुन्द्रका किनारमा बित्यो । छोराछोरी पनि हुर्किए, पढाइलेखाई पुरा गर्ने चरणमा छन । अब भने उनलाई जन्मभूमि नेपालप्रतिको माया र मोहले स्वदेश फर्कौ-फर्कौ लाग्न थालेको छ । 'अब भने नेपालमा लगानी अझै बढाउने, धेरै भन्दा धेरैलाई रोजगारी दिने र राष्ट्रका निम्ति ठोसरुपमा योगदान पुर्‍याउने इच्छा छ' महेन्द्र भन्छन् ।

महेन्द्र अहिलेको आफ्नो जीवनलाई दोश्रो जन्म मान्दछन् । पछिल्लो समय स्वास्थ्यमा ठूलै समस्या आयो । लामो समय अचेत अवस्थामा अस्पताल बस्नु पर्‍यो । भगवानको कृपा र आफ्नो सत्कर्मले उनलाई फेरि थप उर्जासहित समाजमा ल्याएको छ । कर्कलाको पातको पानीजस्तो त हो



जीवन । यो अमूल्य जीवनलाई अब समाजसेवा र राष्ट्रका लागि योगदान पुर्‍याउनुपर्छ भन्ने सोचले महेन्द्रलाई अझ बढि घोच्न थालेको छ । अचेल शिक्षा, स्वास्थ्य, धर्मकर्मजस्ता सामाजिक र परोपकारी कर्मतिर मन गएको छ उनको ।

महेन्द्रको सपना छ- 'मैले देशैभरीका दुःखी, असहाय र गरीब छात्रछात्रालाई सहयोग गर्न नसके पनि आफू जन्मी, हुर्की गरेको ठाउँका बालबालिकाको शिक्षाका लागि मन फराकिलो किन नपार्ने ?'

महेन्द्रको जीवन भोगाईले कहिल्यै पछाडि फर्कनु परेन, उनी त सफल भए तर देश अझै सफल बन्न सकेको छैन । नेपाललाई अव महेन्द्र जस्ता सफल धेरै नेपालीको सीप, अनुभव र लगानीको आवश्यक्ता छ ।



परिवारका साथमा महेन्द्र



उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठलाई मायाको चिनो दिँदै नेपाली व्यवसायी संघका पदाधिकारी


चुनौति जहाँपनि छ, अप्ठ्यारो जहिले पनि
आउनसक्छ तर लगनशिल भएर कोशिस
गरिरहे विश्वास र सम्बन्ध सधैं रहिरहन्छ ।
सम्सारा रेमिट जस्तै ।
SAMSARA
REMIT
Toll Free No.
16600171819
www.samsararemit.com

# ओमानमा अलपत्र एक नेपालीलाई किराँत समाजको सहयोगमा स्वदेश फर्काइयो



ओमानमा अलपत्र एक नेपाली युवालाई किराँत समाज ओमानको सहयोगमा स्वदेश फर्काइएको छ।

१४ महिना अघि ओमानको युनाईटेड क्याटरिङ्ग कम्पनीमा काठमाण्डौंको वर्ल्डवाइज म्यानपावरमार्फत आईपुगेका गाईघाट-२, उदयपुरका प्रेम कुमार राईलाई किराँत समाज ओमानले सहयोग गरेर स्वदेश पठाएको हो।

राईलाई ओमान ल्याउने कम्पनीले भनेको काममा लगाउन नसकेपछि अर्को कम्पनीमा काममा पठाएको थियो। उक्त कम्पनीले सुरुको १० महिनासम्म पारिश्रामिक र सेवासुविधा उपलब्ध गराएपनि त्यसपछि मासिक तलब नदिदा र खाने बस्ने व्यवास्थासमेत नगरिदिदा राई अलपत्र परेका थिए। यसबीचमा बिभिन्न साथीहरूको सहयोगमा तथा यदाकदा दैनिक ज्यालादारी काम गरेर उनले जीबिकोपार्जन गरिरहेका थिए।

कम्पनीको मालिकलाई नेपाल फर्काइदिन अनुरोध गर्दा आफ्नै खर्चमा फर्कन भन्दै मानसिक तनावसमेत दिएपछि राईले नेपाल किरात समाजसँग सम्पर्क गरी स्वदेश फर्काउन सहयोगका लागि आग्रह गरेका थिए। राईको अनुरोधपछि समाजका पदाधिकारी एवम् सदस्यहरूले स्वतः स्फुर्त रुपमा सहयोग गरेका हुन्।

समाजका सचिव गोपाल राईले ओमान नेपालको एकतर्फि टिकट सहयोग गरेका थिए भने अन्य सदस्यहरूले ने.रु ५८९५३/- संकलन गरि पिडित राईलाई सहयोगस्वरुप हस्तान्तरण गरेका थिए।

नेपाल किराँत समाज ओमानका अध्यक्ष याम लिम्वु थक्लेन (लुङ्गा) ले सम्पूर्ण सहयोगीहरूलाई विषेश धन्यवाद व्यक्त गरेका छन्। यसप्रकारको सहयोगले सामाजिक कार्यमा थप हौसला पुगेको अध्यक्ष लिम्बूले बताए।

# संखुवासभा समाज कतारद्वारा बाढीपीडित ५ परिवारलाई सहयोग



संखुवासभा समाज कतारले संखुवासभाको हेवाखोलामा आएको बाढीका कारण मृत्यु तथा बेपत्ता हुनेहरूका परिवारलाई आर्थिक सहयोग प्रदान गरेको छ।

गत असार २ गते संखुवासभा चैनपुर नगरपालिकास्थित हेवाखोलामा आएको बाढीका कारण बेपत्ता भएका ५ जनाको परिवारलाई समाजले प्रति परिवार ४३ हजार रुपैयाका दरले जम्मा २ लाख १५ हजार रुपैया आर्थिक सहयोग हस्तान्तरण गरेको हो। समाजका सदस्य पृथबहादुर थापाको संयोजकत्वमा पाँचखपन नगरपालिकाको कार्यलयमै पुगेर एक औपचारिक कार्यक्रमकाबीच नगरप्रमुख बिपिन राईको रोहबरमा पीडित परिवारलाई सो रकम हस्तान्तरण गरिएको हो।

मृत्यु तथा बेपत्ता हुनेहरूमा पाँचखपन नगरपालिका वडा नं ६ का दिपक मगर, सोही नगरपालिका वडा नं ९ का सन्तोष राई र सुहाङग राई त्यस्तै वडा नं.७ का भुवनसिंह तामाङ र चैनपुर नगरपालिका वडा नं. ४ का ज्ञान बहादुर लिम्बूको परिवारलाई ४३ हजार रुपैयाका दरले नगद नै हस्तान्तरण गरिएको समाजका अध्यक्ष राजेन्द्र खनालले जानकारी दिए।

बिपतको घडिमा समाजले उनीहरूका परिवारलाई केही भएपनि राहत होस् भनेर आर्थिक सहयोग प्रदान गरेको संघका अध्यक्ष खनालको भनाई छ।

संखुवासभा जिल्लामा जन्मिएर बैदेशिक रोजगारका क्रममा कतारमा रहेका नेपालीको साझा संस्थाका रुपमा रहेको संखुवासभा समाज कतारले पछिल्लो समय आफ्नो सक्रियता बढाएको छ। आफ्नो जिल्ला तथा जिल्लाबासीका लागि आपत् विपत परेको समयमा संस्थाले स्थापना कालदेखि नै विभिन्न सहयोग तथा सहकार्य गरिरहेको र आगामी दिनहरूमा पनि जिल्लामा आईपर्ने समस्याहरूमा एकजुट भएर सहयोग गर्दै जाने प्रतिबद्धता समाजले जनाएको छ।

मौद्रिक नीति सार्वजनिक

# अर्थतन्त्रलाई चलायमान बनाउने गरी मौद्रिक नीति आएन : निजी क्षेत्र




नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०८०/८१ को नयाँ मौद्रिक नीति सार्वजनिक गरेको छ। राष्ट्र बैंकले गत आर्थिक वर्ष २०७९/८० को मौद्रिक नीतिको समिक्षा गर्दै चालु आर्थिक वर्षका लागि नयाँ मौद्रिक नीति सार्वजनिक गरेको हो।

मौद्रिक नीतिमा आर्थिक वर्ष २०८०/८१ को बजेटमा ६ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखिएकोमा बजेटमा उल्लेख भए बमोजिमको सुधारका कार्ययोजनाहरूको कार्यान्वयन र विनियोजन बमोजिमको पुँजीगत खर्च हुँदा निजी क्षेत्रबाट हुने लगानीमा समेत सकारात्मक प्रभाव पर्ने र यसबाट लक्षित आर्थिक वृद्धि हासिल हुन थप सहयोग पुग्ने उल्लेख छ।

मूल्य र बाह्य क्षेत्र स्थायित्व कायम राख्दै अर्थतन्त्रलाई चलायमान बनाउन सजगतापूर्वक लचिलो मौद्रिक नीतिको कार्यदिशा अवलम्बन गरिएको जनाउदै राष्ट्र बैंकले वित्तीय स्रोतलाई उत्पादनशील क्षेत्रमा प्रवाह गराई आन्तरिक उत्पादन क्षमता अभिवृद्धि गर्नेतर्फ मौद्रिक नीतिको प्राथमिकता रहेको जनाएको छ।

मौद्रिक नीतिमा ठुला कर्जाहरूको अनुगमन, नियमन तथा सुपरिवेक्षणलाई प्रभावकारी बनाउने, कर्जाको अधिकेन्द्रीकरण कम गर्दै लैजाने, साना तथा मझौला उत्पादनशील कर्जालाई प्राथमिकता दिने र कर्जाको गुणस्तर तथा पहुँच अभिवृद्धि गरी वित्तीय स्थायित्व प्रवर्द्धन गर्नेतर्फ मौद्रिक नीतिलाई सहयोग पुग्ने गरी नियामकीय नीतिहरू तर्जुमा गरिएको छ राष्ट्र बैंकले जनाएको छ।

यस्तै मौद्रिक नीतिको संरचना र लक्ष्यबारे प्रष्ट पार्दै राष्ट्र बैंकले नेपाली रुपैयाँको भारतीय रुपैयासँगको स्थिर विनिमय दरलाई मौद्रिक नीतिको अंकुशकोरुपमा यथावत राखिएको, बैंक तथा वित्तीय संस्थाको अन्तरबैंक कारोबारको भारित औसत व्याजदरलाई सञ्चनलन लक्ष्यकोरुपमा यथावत राखिएको, विदेशी विनिमय सञ्चितिले आयात धान्ने क्षमता र वार्षिक लक्षित मुद्रास्फीतिका आधारमा नीतिगत दर तय गरिने, सञ्चालन लक्ष्यको स्थितिको आधारमा सक्रिय रुपमा खुला बजार कारोबार सञ्चालन गरी अन्तरबैंक व्याजदरलाई व्याजदर करिडोरभित्र राखिने, कम्तिमा ७ महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्ने गरी विदेशी विनिमय सञ्चिति कायम गर्ने तथा मुद्रास्फीतिलाई ६.५ प्रतिशतभित्र कायम राख्ने गरी मौद्रिक व्यवस्थापन गरिने जनाएको छ।

> निजी क्षेत्रका तीन वटा छाता संस्थाहरू उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र चेम्बर अफ कमर्सले सयुक्त प्रेस विज्ञप्ती जारी गर्दै उच्च ब्याजदर, न्युन माग, न्युन उत्पादन एवं रोजगारी कटौती, निजी क्षेत्रको घट्दो मनोबल तथा नयाँ लगानीका योजना स्थगनलगायतका विद्यमान अर्थतन्त्रका चुनौतीहरूको सामना गर्ने गरी मौद्रिक नीति आउने अपेक्षा रहेकोमा त्यसो हुन नसकेको बताएका छन्।

आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यले लक्षित गरेबमोजिम ६ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न सहयोग पुग्ने गरी वित्तीय स्रोतलाई उत्पादनशील क्षेत्रतर्फ प्रवाहित गर्ने तथा विस्तृत मुद्राप्रदाय १२.५ प्रतिशत र बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ जाने कर्जा ११.५ प्रतिशतसम्मले वृद्धि हुने प्रक्षेपण रहेको मौद्रिक नीतिमा उल्लेख छ।

मौद्रिक नीतिमा पहिलो आवासीय घर कर्जाको सीमालाई डेढ करोड रुपैयाँबाट वृद्धि गरी दुई करोड रुपैयाँ बनाइएको छ भने कर्जा प्रवाहसम्बन्धी विद्यमान व्यवस्थामा आवश्यक पुनरावलोकन गर्ने र ब्याङ्क तथा वित्तीय संस्थाको आन्तरिक कर्जा जोखिम वर्गीकरण सम्बन्धी मार्गनिर्देशन तर्जुमा गरी कार्यान्वयनमा ल्याइने उल्लेख गरिएको छ।

यस्तै बचत तथा ऋण सहकारी संस्थाका लागि अलग्गै नियमनकारी निकाय गठन गरिने, विद्युतीय माध्यमबाट राजश्व भुक्तानीमा जोड दिइने, भारतबाहेक अन्य मुलुकको भ्रमणमा जाने नेपालीहरूलाई राहदानी देखाएर वर्षमा २,५०० डलरसम्म सटहीको सुविधा दिइने भएको छ। विदेशी मुद्रामा लिइएको ऋण नेपाली मुद्रामा भुक्तानी गर्न सकिने अहिलेको व्यवस्था हटाइएको छ।

विस्तृत मुद्राप्रदाय १२.५ प्रतिशत र बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ जाने कर्जा ११.५ प्रतिशतसम्मले वृद्धि हुने प्रक्षेपण रहेको छ

भने नीतिगत दरलाई ५० आधार बिन्दुले घटाएर ६.५ प्रतिशत कायम गरिएको छ। ब्याङ्कदरलाई ७.५ प्रतिशतमा यथावत राखेर निक्षेप सङ्कलन बोलकबोल दरलाई ५.५ प्रतिशतबाट घटाएर ४.५ प्रतिशत कायम गरिएको छ। मुद्रास्फीतिलाई ६.५ प्रतिशतभित्र कायम राख्न मौद्रिक विस्तारबाट मूल्यमा चाप पर्न नदिने गरी मौद्रिक व्यवस्थापन गरिने मौद्रिक नीतिमा उल्लेख छ।

यस नीतिको कार्यान्वयनबाट समष्टिगत आर्थिक स्थायित्व प्रवर्द्धन हुने, वित्तीय स्रोतको उत्पादनशील उपयोग अभिवृद्धि हुने, वित्तीय पहुँच विस्तार हुने र उच्च तथा दिगो आर्थिक




वृद्धिको लक्ष्य हासिल गर्न सहयोग पुग्ने अपेक्षा रहेको बताउदै राष्ट्र बैंकले आर्थिक तथा वित्तीय स्थितिको त्रैमासिक समीक्षा गरी मौद्रिक, वित्तीय क्षेत्र, भुक्तानी प्रणाली र विदेशी विनिमय व्यवस्थापनसँग सम्बन्धित नीतिमा आवश्यक पुनरावलोकन गरिने जनाएको छ। अर्थमन्त्री डा प्रकाशशरण महतले राष्ट्र बैंकले ल्याएको नयाँ मौद्रिक नीतिले अर्थतन्त्र चलायमान हुने कुरा व्यक्त गरेका छन्। उनले नयाँ मौद्रिक नीतिले लगानीको वातावरण सहज बनाउने बताएका हुन्।

उनले अब निजी क्षेत्रमा लगानी सहज हुने, ब्याजदर घट्दै जाने बताउदै वित्त नीति र मौद्रिक नीतिको एउटै लक्ष्य आर्थिक वृद्धि सुनश्चित गर्ने, मूल्यलाई एउटा तहमा राख्ने भएको बताए। उनले अहिले समग्रमा हेर्दा मूल्यवृद्धि कम भएको दाबीसमेत गरे। उनले सरकार विसंगतिलाई चिर्दै समस्याको समाधान खोजेर अघि बढिरहेको बताए। यता नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले भने चालु आर्थिक वर्षको मौद्रिक नीतिले ६ प्रतिशतको आर्थिक वृद्धि गर्ने सरकारको लक्ष्य पूरा हुन नसक्ने बताएका छन्। अध्यक्षले ढकालले निजी क्षेत्रले संयुक्त रुपमा दिएका सुझावहरू मौद्रिक नीतिमा सम्बोधन हुन्छ भन्ने अपेक्षा भएपनि निजी क्षेत्रको अपेक्षा अनुसार मौद्रिक नीति नआएको बताए।

अध्यक्ष ढकालले मौद्रिक नीति आएपनि निर्देशनहरू आउन बाँकी रहेको भन्दै निर्देशनमार्फत निजी क्षेत्रले दिएको सुझावहरूलाई अझै समेटेर निर्देशन जारी गर्न आग्रह गरेका छन। उनले निजी क्षेत्रले दिएका सुझावलाई निर्देशनमार्फत सम्बोधन गरे अर्थतन्त्र चलायमान बनाउन सहज हुने बताए।

**मौद्रिक नीतिप्रति निजी क्षेत्र असन्तुष्ट**

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आर्थिक वर्षको मौद्रिक नीतिले विद्यमान अर्थतन्त्रका समस्या समाधान गर्न नसक्ने निजी क्षेत्रले बताएका छन।

निजी क्षेत्रका तीन वटा छाता संस्थाहरू उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र चेम्बर अफ कमर्सले सयुक्त प्रेस विज्ञप्ती जारी गर्दै उच्च ब्याजदर, न्युन माग, नगद प्रवाहमा भएको समस्या, न्युन उत्पादन एवं रोजगारी कटौती, निजी क्षेत्रको घट्दो मनोबल तथा नयाँ लगानीका योजना स्थगनलगायतका विद्यमान अर्थतन्त्रका चुनौतीहरूको सामना गर्ने गरी मौद्रिक नीति आउने अपेक्षा रहेकोमा त्यसो हुन नसकेको बताएका छन्।

मौद्रिक नीतिमार्फत केन्द्रिय बैंकले लिएको नीतिले अर्थतन्त्रलाई मन्दिको अवस्थाबाट उकास्न सहयोग पुग्ने नदेखिएको र मौद्रिक नीतिमा गरिएका अधिकांश व्यवस्थाको प्रभाव यस सम्बन्धि निर्देशिका सार्वजनिक नभइ यकिन हुन नसक्ने देखिएको विज्ञप्तीमा उल्लेख छ।

केन्द्रिय बैंकले मौद्रिक नीतिको कार्यदिशा अर्थतन्त्रलाई चलायमान बनाउन सजगतापूर्वक लचिलो मौद्रिक नीति ल्याइएको भनिएपनि यसले लिएका प्रावधानले त्यसलाई पुष्टि गर्न नसकेको निजी क्षेत्रको भनाई छ।

विज्ञप्तीमा भनिएको छ 'गत आर्थिक वर्षको मौद्रिक नीतिले निजी क्षेत्रमा जाने ऋण लक्ष्य १२.६ प्रतिशत राखेकोमा चालु आर्थिक वर्षका लागि यस्तो लक्ष्य ११.५ प्रतिशतमा झारिएको छ। यसरी निजी क्षेत्रमा विस्तार हुने कर्जा संकुचित गर्दा बजेटमार्फत सरकारले लिएको ६ प्रतिशतको आर्थिक बृद्धिको लक्ष्य हासिल गर्न कठीन हुनेछ।'

मौद्रिक नीतिमार्फत उच्च ब्याजदर वृद्धि नियन्त्रणका लागि पहलकदमी लिइने अपेक्षा निजी क्षेत्रको रहेकोमा राष्ट्र बैंकले बैंक दरलाई यथावत् राख्दै नीतिगत दर शून्य दशमलब ५ प्रतिशतले घटाएको र यसले ब्याजदर घटाउन सहयोग गर्ने नदेखिएको उनीहरूको भनाई छ। निर्देशिकामार्फत बैंकको आधार दर घटाउनका लागि सम्पूर्ण उपकरण उपयोग गर्न निजी क्षेत्रले राष्ट्र बैंकलाई सुझाव दिएका छन।

निजी क्षेत्रले दिएका सुझावहरूलाई मौद्रिक नीतिले सम्बोधन नगर्दा अर्थतन्त्र चलायमान हुन नसक्ने बुझाई रहेको विज्ञप्तीमा उल्लेख छ। मौद्रिक नीतिमा बैंक तथा वित्तिय संस्थाहरूको माग अनुसार चालु पूंजी कर्जा मार्गदर्शनमा आवश्यक पुनरावलोकन गरिने उल्लेख रहेकोमा बैंक र व्यवसायीलाई नै यसबारे निर्णय गर्न दिइए यसले बजारमा विश्वास बढाउने निजी क्षेत्रको भनाई छ।

वित्तिय श्रोतलाई उत्पादनशिल क्षेत्रमा प्रवाह गराई आन्तरिक उत्पादन क्षमता अभिवृद्धि गर्ने तर्फ मौद्रिक नीतिको कार्यदिशा हुने व्यवस्था समेटिए पनि यसमा समग्र उत्पादनमुलक क्षेत्रका लागि के सुविधा दिने भन्ने प्रष्ट नभएको निजी क्षेत्रको भनाई छ। मौद्रिक नितीमा केही सकारात्मक निर्णय पनि रहेको उल्लेख गर्दै विज्ञप्तीमा भनिएको छ -'समग्रमा, अर्थतन्त्रमा चरम निराशा रहेको अवस्थामा मौद्रिक नीतिले निजी क्षेत्रको विश्वास बढाइ अर्थतन्त्र चलायमान बनाउन सक्ने कार्यक्रम तत्कालका लागि ल्याउन सकेको देखिदैन।'






सिटी एक्सप्रेस १७औं वर्षमा

# जितु नेपाल बने **ब्रान्ड एम्बासडर**

सिटी एक्सप्रेस मनी ट्रान्सफर १७ औ बर्षमा प्रबेश गरेको छ। १७ औ बार्षिकोत्सवको अवसरमा सिटी एक्सप्रेस मनी ट्रान्स्फरले आफ्नो ब्राण्ड एम्बासडरमा चर्चित हास्य कलाकार जितु नेपाललाई नियुक्त गरेको छ।

जितु नेपालले सिटी एक्सप्रेस मनी ट्रान्सफरको ब्राण्ड तथा यसको मूल्य एवं मान्यतालाई सशक्त प्रतिनिधित्व गर्ने कम्पनीले जनाएको छ। कम्पनीका प्रबन्ध निर्देशक चन्द्र टण्डन र हास्य कलाकार जितु नेपालले एक विशेष कार्यक्रमकाबीच उक्त सम्झौता पत्रमा हस्ताक्षर गरेका छन्।

सिटी एक्सप्रेस मनी ट्रान्सफरले १७ औं बार्षिकोत्सवकै उपलक्ष्यमा 'रक्तदान गर्नुहोस् , जिवन दान पाउनुहोस्' भन्ने मूल नाराका साथमा आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खुला रक्तदान कार्यक्रमको आयोजना पनि गरेको थियो।

सिटी एक्सप्रेसको कमलादीस्थित आफ्नै मुख्य कार्यालयमा उल्लेख्य सहभागिताका साथमा रक्तदान गरिएको कम्पनीले जनाएको छ। सिटी एक्सप्रेसले रेमिट्यान्स क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउदै बिगत १७ वर्षदेखि संसारभरबाट विप्रेषण सेवा प्रदान गर्दै आइरहेको छ। आन्तरिक विप्रेषण अन्तर्गत सिटी एक्सप्रेसले देशभर छरिएर रहेका १५,००० भन्दा बढि भुक्तानी केन्द्रहरू मार्फत छिटो, सहज र सुरक्षित तरिकाले भुक्तानी प्रदान गर्ने, कुनै पनि बैंकको खातामा रकम जम्मा गर्ने र मोबाईल वालेटमा लोड गर्न सकिने जस्ता सुविधाहरू प्रदान गर्दै आइरहेको छ।

# आईएमई-पेले ल्यायो **'रेमिट्यान्समा उपहारको बहार'** योजना

आईएमई-पेले 'रेमिट्यान्समा उपहारको बहार' नामक नयाँ योजना सार्वजनिक गरेको छ।

अन्तर्राष्ट्रिय रेमिट्यान्स प्राप्त गर्ने ग्राहकवर्गलाई लक्षित गर्दै आईएमई-पेले यो अभियान सुरू गरेको जनाएको छ। सो अफर यही साउन १ गतेदेखि साउनको मसान्तसम्म चल्ने छ।

यो अफरअन्तर्गत विदेशबाट पठाइएको रेमिट्यान्सको रकम आईएमई-पे वालेटमा दाबी गरी प्राप्त गर्ने ग्राहकमध्ये प्रत्येक हप्ता एक भाग्यशाली बिजेताले स्मार्टफोन पाउने कम्पनीले जनाएको छ।

साथै, अफरको अन्त्यमा एक जना भाग्यशाली ग्राहकलाई बम्पर उपहारस्वरुप अत्याधुनिक प्रविधिको ल्यापटप प्रदान गरिने छ। यस अफरअन्तर्गत रहेका साप्ताहिक तथा मासिक विजेताहरूको पुरस्कार वितरणको तस्वीर तथा भिडियो आईएमई-पेको सामाजिक सञ्जालमा प्रकाशन गरिने छ।

यो अफर ग्राहकवर्गलाई विद्युतीय माध्यममार्फत सहजै आफ्नो वालेटमा रेमिट्यान्स प्राप्त गरी विद्युतीय भुक्तानी गर्न प्रेरित गर्ने उद्देश्यका साथ सुचारु गरिएको कम्पनीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

उद्योग वाणिज्य महासंघ नयाँ नेतृत्वको सय दिन

# **पाँच वटा मुद्दालाई** प्राथमिकताका साथ अगाडि बढाएका छौं : अध्यक्ष ढकाल

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले नयाँ कार्यसमिति आएसँगै पाँच वटा मुद्दालाई प्राथमिकतासाथ अगाडी बढाएको बताएका छन्। महासंघको नयाँ नेतृत्वको एक सय दिन पूरा भएको अवसरमा आयोजित कार्यक्रममा उनले आर्थिक संकटबाट बाहिर निस्कने, आन्तरिक र एफडिआइ ल्याउने वातावरण, राज्य र निजि क्षेत्रको साझेदार विकास, रोजगार सिर्जना गेरर वैदेशिक रोजगारमा जानेलाई तालिम दिने र व्यवसायीलाई हेर्ने मर्यादित दृष्टिकोणलगायतका पाँच ओटा कुरालाई प्राथमिकतासाथ अगाडि बढाएको बताए।



उनले सरकार र निजि क्षेत्रलाई एक ठाउँमा ल्याउन समेत उद्योग वाणिज्य महासंघले ठुलो भूमिका खेलेको जिकिर गरे। 'निजि क्षेत्रलाई हेर्ने एउटा दृष्टिकोण रहेको थियो। मौद्रीक नीति र बजेटको लागि सुझाब दिने र सबैलाई एकठाउँमा ल्याएर साझा एजेण्डा बनाएर अगाडि बढ्यौं। मलाई लाग्छ १०० दिनको एउटा उपलब्धी यो बीचमा हामीले प्रधानमन्त्रीको भारत भ्रमणको बेला हाम्रो काउन्टर पार्ट सी आई आईसँग बिजनेस सुरु गर्यौं जुन आफैमा राम्रो थियो' ढकालले भने।

महासंघले मासिक कार्ययोजना अनुसार काम गर्दै जाने उनले जानकारी दिए। साथै, महासंघले पहिलो कार्यकारिणी समितिको पहिलो बैठकबाट वर्तमान आर्थिक संकटबाट बाहिर निस्कने, आन्तरिक र एफडिआइ ल्याउने वातावरण, राज्य र निजी क्षेत्रको साझेदार विकास, रोजगार सिर्जना गेरर वैदेशिक रोजगारमा जानेलाई तालिम दिने र व्यवसायीलाई हेर्ने मर्यादित दृष्टिकोण लगायत पाँचवटा कुरालाई प्राथमिकता साथ अगाडि बढाएको उनले बताए।




# प्रभु बैंकद्वारा कृषकलाई सहुलियत कर्जा

प्रभु बैंक लिमिटेडले नुवाकोटका किसानहरूलाई सहुलियतपूर्ण कृषि कर्जा उपलब्ध गराएको छ।

प्रभु बैंक र हेफर इन्टरनेसनल नेपालबीच भएको सम्झौता अनुरुप नुवाकोट जिल्लाको पञ्चकन्या गाउँपालिकास्थित अनुशासित र आधारशिला सामाजिक उद्यमी महिला सहकारी संस्था लि. को सहकार्यमा बैंकले सहुलियत कर्जा उपलब्ध गराएको हो।

नुवाकोटको बट्टारमा एक कार्यक्रमबीच पञ्चकन्या गाउँपालिकाका अध्यक्ष तेजबहादुर तामाङ, हेफर इन्टरनेसनलका सह-निर्देशक प्रकाश कटुवाल, प्रभु बैंक लिमिटेडका ग्लोवल मार्केट्स प्रमुख सुजिन शाक्य र माईक्रो फाइनान्स विभाग प्रमुख प्रविन कुमार दाहालले संयुक्त रुपमा पञ्चकन्या गाउँपालिकाका ७ जना कृषि तथा पशु उद्यमशिलतामा काम गरि रहेका उद्यमीहरूलाई प्रभु बैंकको बट्टार शाखा कार्यालयबाट रु ४० लाखको सहुलियतपूर्ण कृषि कर्जाको चेक हस्तान्तरण गरेका हुन।

कार्यक्रममा बोल्दै अध्यक्ष तामाङले पञ्चकन्या गाउँपालिकाका किसानहरूलाई प्रभु बैंकले ठूलो गुण लगाएको र यस्तो कार्यक्रमको निरन्तरताका लागि आग्रह समेत गरे। सम्झौता अनुरुप हेफर इन्टरनेसनल नेपालका तर्फबाट प्रवर्द्धित सहकारीहरूले सहुलियतपूर्ण ऋण लिन इच्छुक उद्यमीहरूको पहिचान गरी कर्जा लिन योग्य उद्यमीहरूलाई बैंकमा सिफारिस गर्नेछन्।

त्यसैगरि स्थानीय सरकारले कर्जा सदुपयोगको अनुगमन गरी आवश्यक अन्य व्यावसायिक विकासका सेवाहरू प्रदान गर्न सहयोग तथा सहजिकरण गर्नेछ। हेफरले ४४ जिल्लाका करिब ४ लाख पिछडिएका गरिब परिवारहरूलाई सहयोग गर्दै साना किसानको दिगो जिविकोपार्जन विकासको लागि कार्यक्रम सञ्चालन गर्दै आएको छ।

उच्चस्तरीय बैंकिङ्ग सेवा उपलब्ध गराउने उद्देश्य लिई आफ्नो ६८ जिल्लामा रहेका ३०२ शाखा कार्यालयहरू ७१ एक्स्टेन्सन काउन्टर तथा ३१० एटीएमसहित फराकिलो पहुँच रहेको प्रभु बैंकले उक्त सम्झौता अनुरुप करिव १५ सय उद्यमीहरूलाई कर्जा उपलब्ध गराउन सहजता प्रदान गर्ने विश्वास लिएको छ।

---

# टेलिकमको 'समर अफर'

नेपाल टेलिकमले २०८० असार २९ गतेदेखि लागू हुनेगरी समर अफर योजना ल्याएको छ। सेवाग्राहीको रुचि र चाहनाबमोजिम केही नयाँ प्याकेजसहितका अफर उपलब्ध गराइएको टेलिकमले जनाएको छ।

त्यसैगरी एफटीटीएच, नमस्ते वाईफाई, सीयूजीलगायत विभिन्न भ्वाइस तथा डाटा प्याकेजलाई थप आकर्षक बनाइएको टेलिकमका प्रवक्ता सोभन अधिकारीले जानकारी दिएका छन्।

समर अफरमा अल टाइम डाटा प्याकअन्तर्गत रु पाँच सयमा २८ दिनसम्म प्रयोग गर्न सकिने १२ जीबी डाटा प्याक उपलब्ध भइरहेकोमा अब २० जीबी र रु आठ सयमा २५ जीबी उपलब्ध भइरहेकोमा अब ३५ जीबी डाटा प्याक उपलब्ध हुनेछ।

त्यसैगरी प्रिपेड सस्तो कम्बो प्याकअन्तर्गत सस्तो कम्बो रु दुई सय ९९ प्याकमा एक सय ५० मिनेट अन नेट भ्वाइस कल, दुई जीबी डाटा र २० एसएमएसको सुविधा उपलब्ध भइरहेकोमा अब सोही मूल्यमा दुई जीबीको सट्टा चार जीबी डाटा उपलब्ध हुनेछ। टेलिकमले सजिलो अनलिमिटेड रु सात सय ९९ प्याकअन्तर्गत सबै नेटवर्कमा अनलिमिटेड भ्वाइस कल पनि उपलब्ध गराउने भएको छ।




मेसिन टु मेसिन (एमटूएम) सिमकार्डको प्रयोगलाई प्राथमिकतामा राखी यसका लागि विभिन्न प्याकेजको व्यवस्था गरिएको छ। त्यसमा ३० दिनसम्म प्रयोग गर्न सकिने विभिन्न दरको प्याकेज उपलब्ध हुनेछ। कर्पोरेट वर्गमा लोकप्रिय सियुजी प्याकलाई थप आकर्षक बनाइएको छ। साथै, अनलिमिटेड डाटा प्याकमा प्रदान गर्दै आएको फेयर युसेज पोलिसीबमोजिम तोकिएको परिमाण उपभोगपछि लागु हुने थ्रोटलिङ स्पिड लिमिट बढाइएको छ।

समर अफरअन्तर्गतका विभिन्न प्याकेज प्राप्त गर्नका लागि ग्राहकले *1415*1# डायल गर्नुपर्ने छ। कम्पनीको 'नेपाल टेलिकम' एपबाट पनि यससम्बन्धी जानकारी लिन तथा सेवा खरिद गर्न सकिन्छ। त्यसैगरी कम्पनीको वेबसाइटमार्फत यससम्बन्धी विस्तृत जानकारी प्राप्त गर्न र सेवा खरिद गर्न सकिने टेलिकमले जनाएको छ।

# हुलाक बचत बैंकमा रहेका खाताहरू राष्ट्रिय वाणिज्य बैंकमा हस्तान्तरण हुने




नेपाल सरकारको निर्णय बमोजिम हुलाक बचत बैंकमा रहेका खाता एवं बचत रकम राष्ट्रिय वाणिज्य बैंकमा हस्तान्तरण हुने भएको छ। उक्त सम्झौतापत्रमा हुलाक सेवा विभागका महानिर्देशक ईन्दु घिमिरे र बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले हस्ताक्षर गरेका छन्।

देशभरका ६८ हुलाक कार्यालयबाट करिब ५७ हजार सर्वसाधारणको बचत खाता तथा करिब एक हजार सात सय कर्मचारीहरूको ऋण लगानीका खाताहरू विभागले बैंकका विभिन्न शाखा कार्यालयहरू मार्फत हस्तान्तरण गर्ने छ।

हुलाक बचत बैंकका निक्षेपकर्ताहरूले राष्ट्रिय वाणिज्य बैंकको नजिकैका शाखा कार्यालयमा गई नियमानुसार खाता आद्यवधिक गरी आफ्नो नियमित कारोबार आगामी साउन १ गते देखि गर्न सक्नेछन्। यसरी खोलिने सम्पूर्ण खातावालाहरूलाई बैंकले चेकबुक, एटिएम कार्ड, मोवाइल बैंकिङ्ग सेवा, एसएमएस सेवा निःशुल्क उपलब्ध गराउने छ।

नेपाल सरकारले हुलाक कार्यालयलाई आ.व.२०३२/०३३ सालदेखि सर्वसाधारणको बचत सङ्कलन गर्ने र आ.व.२०६०/०६१ देखि ऋण लगानी समेत गर्ने अनुमति दिएको थियो। हुलाक बचत बैंकको कार्यक्षेत्र निक्षेप सङ्कलनमा सर्वसाधारण र ऋण लगानीमा नेपाल सरकार सञ्चार तथा सुचना प्रविधि मन्त्रालय र अन्तर्गतका स्थायी कर्मचारीहरू रहदैं आएको छ।

बैंकको हाल ७ प्रदेश, ७७ जिल्लाका सबै सदरमुकाममा सहित २७२ वटा शाखा कार्यालय, ६५ वटा एक्सटेन्सन काउन्टर, २६९ वटा एटिएम र ९९ वटा शाखारहित बैंकिङ्ग, क्युआर कोड सेवा, पिओएस सेवा, क्रेडिट कार्ड, डेविट कार्ड, कनेक्ट आइपिएस, स्मार्ट क्युआर टेलर (बिना चेक रकम झिक्न सकिने), ईन्टरनेट बैंकिङ, परिष्कृत रुपको मोवाईल बैंकिङ्ग तथा बिना ईन्टरनेट चल्ने युएसएसडि मोवाईल बैंकिङ्गका सेवाहरू समेत सञ्चालनमा रहेका छन्।

सुरक्षित र भरपर्दो वैदेशिक रोजगारीका लागि हामीलाई सम्झनुहोस ।



SOS Manpower Service Pvt. Ltd.

GPO Box # 3565, Dhapashi, Kathmandu, Nepal
Tel: 1-4365986 to 89 & 4366137/8
E: sosierra@wlink.com.np, Web: www.sosgroup.com.np




# महानगरले रोकेको **'पोखरा फुटवेयर विजनेश सेन्टर'** पुनः संचालनमा

शुभारम्भ गरिएको ४ दिनपछि पोखरा महानगरपालिकाले रोक लगाएको 'पोखरा फुटवेयर विजनेश सेन्टर' पुनः संचालनमा आएको छ। गत साउन ५ गतेदेखि पोखरामा संचालनमा ल्याइएको 'पोखरा फुटवेयर विजनेश सेन्टर'लाई दर्ता प्रक्रियाको कारण देखाएर पोखरा महानगरपालिकाले साउन ९ गतेदेखि संचालनमा रोक लगाएको थियो।

पोखरा महानगरपालिकाका मेयर धनराज आचार्य र 'पोखरा फुटवेयर विजनेश सेन्टर'का संचालकहरूबीचको आपसी समझदारीपछि महानगरले संचालनमा रोक लगाएको उक्त विजनेश सेन्टर पुनः संचालनमा आएको हो।

स्वदेशी जुत्ताचप्पलको प्रवर्द्धन तथा सुपथ मुल्यमा उपभोक्ताहरूलाई जुत्ताचप्पल उपलब्ध गराउने उद्देश्यले १० जना व्यवसायीहरू मिलेर पोखरामा 'नेपाली जुत्ता घर' नामक कम्पनीमार्फत 'पोखरा फुटवेयर विजनेश सेन्टर' संचालनमा ल्याएका थिए।

'पोखरा फुटवेयर विजनेश सेन्टर' भित्र एउटै कम्पनी अन्तर्गत १० वटा पसल संचालनमा ल्याउन लागिएकोमा महानगरले १० जनाको छुट्टाछुट्टै कम्पनी बनाएर ल्याउन निर्देशन दिएपछि सबै व्यवसायीले दर्ता प्रक्रियाका लागि वडा कार्यालय र महानगरमा निवेदन दिएका थिए। उनीहरूले दिएको निवेदनमध्ये 'नेपाली जुत्ता घर' नामक एउटा कम्पनी विधिवत दर्ता हुदा सोही विधि र प्रक्रियाबाट दर्ता गर्न निवेदन दिँदा अन्य नौवटा कम्पनीको भने दर्ता रोकिएको थियो।

व्यवसायी सविन कार्कीले स्वदेशी उत्पादनको प्रवर्द्धनमा सहयोग र सहजिकरण गर्नुपर्नेमा महानगरले झमेला दिएकोमा दुःख व्यक्त गरे। 'हामीले एउटै कम्पनीमार्फत १० वटा ब्राण्डका पसल संचालनमा ल्याउन खोजेका थियौ, तर महानगरले छुट्टाछुट्टै कम्पनी दर्ता गर्न भनेपछि सोही अनुसार निवेदन दिदा एउटा दर्ता हुने अन्य चाहि नहुने कसरी भयो ?' उनले भने -'नगरप्रमुखसँगको छलफल पछि अहिले शोरुम खुल्ला भएको छ, स्वदेशी उत्पादन प्रवर्द्धनमा उहाँले आगामी दिनमा थप सहजिकरण गर्ने अपेक्षा लिएका छौं।'

पछिल्लो समय स्वदेशी ब्रान्डका जुत्ताचप्पल उद्योगहरूले गुणस्तरीय सामाग्री उत्पादनका साथै उपभोक्ताहरूलाई सुपथ मुल्यमा जुत्ताचप्पल उपलब्ध गराउन देशका विभिन्न शहरमा मेला र शोरुम संचालनलाई विस्तार गरिरहेका छन्। 'स्वदेशी उत्पादनका जुत्ताचप्पल विदेशी ब्रान्ड भन्दा कम छैन र गुणस्तरीय छ भन्ने तथ्य उपभोक्तामाझ प्रमाणित भैसकेको छ' संचालक कार्कीले भने- 'अझ फ्याक्ट्रीबाट सिधै शोरुममा ल्याइएको हुदा फ्याक्ट्री मुल्यमै उपभोक्ताहरूलाई फरक-फरक ब्रान्डका गुणस्तरीय जुत्ताचप्पल उपलब्ध गराएका छौं।'

१० कम्पनीले साझा रुपमा खोलेको उक्त शोरुमको साउन ५ गते गण्डकी प्रदेशका कृषि, भूमि व्यवस्थामन्त्री महेन्द्रध्वज जिसीले उदघाटन गरेका थिए। संयुक्त शोरुममा शिखर, सु-ल्यान्ड, पिजी सुज, वन वर्ल्ड, फुटस्टेप, बोस सुज, रन सुज, ब्याम्बो सुज, स्मार्ट सुज, हिमानी कलेक्सन कम्पनीका जुत्ता चप्पल बिक्रीका लागि राखिएको छ।

# हिमालय एयरलाइन्सद्वारा नेपाल अर्थोपेडिक अस्पताललाई सहयोग




हिमालय एयरलाइन्सले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत नेपाल अर्थोपेडिक अस्पताललाई २ टनको स्ट्यान्डिङ एयर कन्डिसनर सहयोग गरेको छ।

एयरलाइन्सका अध्यक्ष झोउ एन्योङले अस्पतालका अध्यक्ष सामदेन लामा र मेडिकल डाइरेक्टर डा.कैलाशकुमार भण्डारीलाई उक्त सामग्री हस्तान्तरण गरेका हुन्।

अस्पतालले सगरमाथा जनरल वार्डमा एयर कन्डिसनर जडान गरेको र यसबाट बिरामीहरूले सस्तो सेवा शुल्कमा गुणस्तरीय अर्थोपेडिक सेवा पाउने जनाएको छ। एयरलाइन्सका अध्यक्ष एन्योङले एयरलाइन्सको सहयोगले अस्पतालको गुणस्तरीय हेरचाहका साथ खाँचो परेका मानिसहरूको सेवा गर्ने प्रयासलाई बलियो बनाउने गरेको बताए।

# माछापुच्छ्रेले पायो **'सर्टिफिकेट अफ मेरिट'** अवार्ड

माछापुच्छ्रे बैंक 'सर्टिफिकेट अफ मेरिट' बाट सम्मानित भएको छ। नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले हरेक वर्ष प्रदान गर्ने राष्ट्रिय उत्कृष्ट वार्षिक प्रतिवेदन अवार्डबाट बैंक सम्मानित भएको हो।

बैंकले बैंकिङ्ग क्षेत्र तर्फको 'सर्टिफिकेट अफ मेरिट' अवार्ड प्राप्त गरेको बैंकद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ। नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले बैंकले तयार गरेको आर्थिक वर्ष २०२१/२२ को वार्षिक प्रतिवेदनमा समावेश गरिएका वित्तीय विवरणको प्रस्तुती र स्वीकृति, पारदर्शिता, विषयवस्तु, सुशासन लगायतलाई दृष्टिगत गरी अवार्ड प्रदान गरेको हो।

माछापुच्छ्रे बैंकले हाल देशका ७ वटै प्रदेशमा १६५ वटा शाखा, १२ वटा एक्सटेन्सन काउन्टर, १३० वटा शाखारहित बैंकिङ्ग सेवा, २०३ एटीएममार्फत १४ लाख भन्दा बढी ग्राहकलाई सेवा प्रदान गर्दै आइरहेको विज्ञप्तिमा जनाइएको छ।

# रनकुमारी रित्तै !

दशैंमा उसले निकै सरसामान किनमेल गरि। अनेक सरसमान किनेर सुड्केस पुटुक्क पारी। काठमाडौं ओर्लेर घर पुग्दा थाहा पाई–लोग्ने पन्ध्र दिनदेखि बेपत्ता थियो। घरमा तालाबन्दी थियो– छाप्रे टिनको घर जस्ताको तस्तै थियो।



युवराज नयाँघरे

रनकुमारी कतार पुगेको आज एघार वर्ष पुग्यो ।

यो एघार वर्षभरि उसले लोग्ने र छोरो मात्र सम्झी । तिनैलाई सम्झी–सम्झी काम गरी । मिठो पकाउँदा पनि तिनैलाई सम्झन्थी । नमीठो खाँदा पनि तिनैलाई सम्झना गरिरहन्थी ।

काठमाडौंबाट धादिङ लाग्ने पाखोमा उसको बिहे भएको थियो । बिहानदेखि बेलुकासम्म उसको लोग्ने टिल्ल भएर बस्थ्यो ।

'रातो दिनको यो कर्कश कति खप्नु ?'

'छोडिदिन्छु यो जड्याहालाई !'

उसले यसो भनेर धेरै पटक झगडा गरी । तर आँट गरिहाल्न सकिनँ ।

बाउजस्तै धम्मरधुसे कालो छोरो हेर्थी -कर्मलाई धिकार्थी ।

तर एकदिन कतार पुगी - कसरी-कसरी !

हस्पिटलको काम थियो ।

मुख र दात सँगसँगै चलाउँथी नेपालमा छँदा । तर कतारले उसलाई मुख हैन हात मात्र छिटो चलाउन सिकायो । कारण एउटै थियो -ऊ नेपाली बाहेक अरु भाषा बोल्न जान्दिन थिई ।

रनलाई लोग्नेले 'रानी' भनेर बोलाउन थालेको थियो ऊ कतार पुगेपछि । त्यसपछि रनकुमारीको मन पनि बदलियो ।

'अब सुध्रियो होला !'

गएको पाँच महिनामै उसले असी हजार रुपैयाँ पठाइदिई । लोग्नेले राम्रो बाटो लियो होला भन्ठानेर ।

त्यस लगत्तै पचास हजार पठाई ।

'दशै राम्रोसँग मनाउनु ।'

उसले फकाएर बोली । अनि पैसासँग केही लुगा र घरका लागि चाहिने सरसामान पनि पठाई ।

एउटा लिपिस्टिक किन्ने बेलामा पनि ऊ बडो ख्याल गर्थी । मैले यता लाउनुभन्दा नेपालमै पठाउनु पर्ला । यस्तै कुरा ऊ सोच्थी ।

'लौन यो माथ्लो गरो खार्नु पर्‍यो । २-४ लाख पठाइदे रानी !'

लोग्नेलाई एक साँझ जिब्रो लर्बराउँदै फोन गर्‍यो ।

उसले सबै कुरा सुनेपछि भनी -'पैसा त पठाइदिउँला म । तर रक्सी खान छोडे जस्तो त लागेन नि तिम्ले ?'

'छोडिसकें नि । आज दिउँसो मामाले एक बोतल बियर किन्देका थिए । त्यै खाएको । रक्सी र वियर फरक हो नि लाटी । म पहिलाको जस्तो छैन नि ।'

लोग्नेका कुरा सुनेर ऊ मख्खै परी । खुशी भई । अनि भनी दंग भएर -'अर्को हप्तासम्म पठाउँछु है ।'

उसले आफ्नो वचन पुरा गरी ।

अर्को हप्ता डेढ लाख रुपियाँ लोग्नेले बुझ्न पायो । पैसा लिन जाँदा लगेको नागरिकता कालो झोलामा राख्दै भन्यो -'यो त पछि पनि चाहिन्छ नि ।'

हिउँद लागेपछि जाडो पनि निकै चम्कियो । छोरो र बाउले पालैसँग फोन गरिरहे । ऊ कामले व्यस्त भइरहन्थी । शनिवार बेलुका बल्ल उसलाई फूर्सद भयो । आफैले फोन फर्काई । 'के भो फोन गरेका गरेकै छौ तिमीहरूले । किन हो ?' उसले यत्ती भनी ।

'सबैले सोलार राखे । नुहाउन गाह्रो भो । लौन खर्चपात पठाइदेऊ रानी ।'

उसले मनमनै सोची -'ठीकै हो । सामान जोड्नु राम्रै हो । फेरि काठमाडौंको जाडो पनि बेस्सरी छ ।'

'हुन्छ, अर्कोहप्ता फेरि रिनपान, खोजखाज गरेर भएपनि पठाउँछु । सामान चैं राम्रो हाल्नु है' रानीले फोन राख्ने बेलामा भनी ।

मंसिरको आधाउधीमा पैसा आयो । यो पटक पैसा लिन छोरो गयो । पैसा पाएपछि छोरो न्यानो ताप्न चितवनतिर गयो । बाबु बिहानदेखि व्यस्त हुन्थ्यो खानपानमा ।

नयाँ वर्ष लाग्दा रनकुमारीले एकदिन फोन गरी । फोन निन्द्रैमा जस्तो बोलीमा लोग्नले बोल्यो ।

'मैले दुई लाख पठाइदेको छु । त्यो पैसाले राम्रोसँग जस्ता छाउनु । सिकुवामा ढुंगा र इँटा छाप्नु । नपुग भए मलाई भन्नु । घर चैं राम्रो बनाउनु ।'

फोनमा पैसा आउने कुराले ऊ रमाएको थियो । खुशी भएर लोग्नेले भनेको थियो -'मेरी दिलकी रानी ।'

लोग्नेको मीठो वचनले रनकुमारी निकै रमाई । ऊ प्रसन्न भएकी थिई । 'जे होस् लोग्ने लाइनमा आयो ।'

फर्पिङका एक जना चिनारु दाइ काठमाडौं जाने सुनी उसले । सनैया रोडबाट एकदिन तुफान कुदेर ऊ तरबार गेट पुगी । चालीस हजारका स्वीटर, पाइन्ट, सर्ट र एउटा सानो घडी पठाउने मन गरी ।

'लौन दाइ यति सामान बुढालाई लगिदिनु पर्‍यो ।' उसले झोला थमाई ।

रनकुमारीले दुःख गर्न छोडिन । ऊ ओभरटाइम पाउन कम्पनीका माथिल्ला मुदिरहरूलाई खुबै अनुरोध

गर्थी । उसको दुःख र मिहिनेत देखेर ओभरटाइम उसैलाई दिन्थे पनि ।

जेठतिर उसले फेरि दुईलाख पठाई ।

'मैले हाड घोटेर यो पैसा पठाएको छु । तिम्ले टनेल खेती गर्छु भन्यौ । पैसाको राम्रोसँग प्रयोग गर्नु । अनावश्यक रुपमा पैसा नसक्नु नि ।'

'अनि के-के रोप्ने नि टनेलमा !' रनकुमारीले सोधी

'सिजन अन्सार सबै रोप्नुपर्ला । रोप्नु मात्रै पर्छ । किन्ने मान्छे त घर वरिपरी जत्ति पनि छन् । यो काम राम्रो पनि रै'छ । ज्यानलाई पनि काइदा, मनलाई पनि आनन्द ।'

लोग्नेका कुरा सुनेर रनकुमारी दंग परी । 'जे होस् लोग्ने लाइनमा लाग्यो । यो राम्रो कुरा हो ।'

'म यता मिहिनेत गर्छु । ऊ उता गर्न खोज्दै छ । दुवै यसरी लाइनमा हिँडे त घर सप्रिइ हाल्छ नि ।' ऊ खुशी भई ।

दुईतिर काम गर्थी - रनकुमारी । एउटा ठूलो सुपर मार्केटमा भर्खरै काम पाई । त्यो अघि ऊ हस्पिटलको सरसफाईको काम गर्थी । उसको काम राम्रो थियो ।

कतिले टिप्स पनि दिन्थे । टिप्सबाट उसको कमाई राम्रो हुन्थ्यो । रनकुमारी ठान्थी- 'म बल्ल नरकबाट निस्केर आफ्नो सुखको जीवन जिउन दिएकोमा निकै रमाई ।'

त्यो राति ऊ निकै नै प्रसन्न भई । काममा एकजना नयाँ कामदार आएको थियो । उसले रनकुमारीको निकै नै हेरविचार गर्थ्यो ।

उसलाई ओभर टाइम प्राय : अचेल उसैले मिलाईदिन्थ्यो । भन्थ्यो- 'अप्ठेरोमा परेकोलाई मद्धत गर्नु धर्म हो । कर्म राम्रो गर्नु नै धर्म हो ।'

'रनकुमारी कर्म गर्छे । कर्म गरेर कमाउँछे । यो मौका दिनु पर्छ ।' नयाँ कामदारले खुबै सहयोग गऱ्यो रनकुमारीलाई ।

बर्खामा फेरि पैसा चाहियो भनेर खबर आयो । लोग्ने अचेल निकै नरम र भलादमी भएर



बोल्थ्यो । फोनमा छोरो प्रायः आउँदैनथ्यो । जे जति रकम माग्नु पर्दा पनि लोग्ने नै अघि सर्थ्यो ।

'रानी, दुःख बुझ्ने तिमी नै छौ । यो पालि बुझ है ।'

'किन र के पऱ्यो त्यस्तो ?'

'साथीहरू मिलेर गाई पालन गर्ने रे !'

'भनेपछि पैसा चाहियो ?'

'हो नि । अहिलेलाई एकलाख पठाइदेऊ । जम्मा पाँच लाखको शेयर मैले लिनु पर्ने भयो । यो काम फाइदैको छ । कमाइ पनि हुने । वचत पनि शेयर मार्फत भइरहने रहेछ ।' लोग्नेले सम्झाएर भन्यो ।

राति कामबाट आएर उसले पैसाको जोहो के-के हुन्छ निकै विचार गरी । कति पैसा कहाँबाट निकाल्न सकिन्छ - विचार गरी ।

नयाँ कामदारलाई पनि भनी ।

'ठीक छ, तिम्रो घरका मान्छेले काम गर्छन् भने म मद्धत गरुँला ।'

उसले सबैतिर बाट खोजखाज गरेर एकलाख पचास हजार घरमा पठाई । अनि बूढालाई फोनमा सम्झाई ।

'मैले निकै गाऱ्होसँग पैसा खोजेर पठाएकी छु । गाई राम्रोसँग पाल्नु नि ।'

'हुन्छ । हुन्छ ।'

बूढोले निकै मायालु पाराले भन्यो ।

दशैंमा उसले निकै सरसामान किनमेल गरि । अनेक सरसमान किनेर सुट्केस पुटुक्क पारी ।

काठमाडौं ओर्लेर घर पुग्दा थाहा पाई- लोग्ने पन्ध्र दिनदेखि बेपत्ता थियो ।

घरमा तालाबन्दी थियो - छाप्रे टिनको घर जस्ताको तस्तै थियो ।

घाँस जेलिएको घर देखेर उसको मन पुरै रित्तो भयो । त्यत्रो पैसा पठाएकी रनकुमारी हरेक कुराले रित्तै थिई - मन, धन सबैले ।



# विदेशका नेपाली **सबै राजदूत**

आफ्नो देशबाट अरुको देशमा जानासाथ हरेक नेपाली राजदूत हो, राज्यको दूत। दूत हुनका लागि देशले नियुक्ति दिएर पठाउनुपर्छ भन्ने छैन। सरकारले नियुक्त गरेकाले भन्दा बढी व्यक्ति आफैँले देशका लागि संसारभर काम गरेका उदाहरणहरू छन्।



**शम्भु सुस्केरा**

आज नेपाली दूतको कुरा गरौँ। दूधको होइन। नेपालबाट विदेशमा रोजगारी गर्न गएका मान्छेहरूका कुरा।

५० लाखभन्दा बढी युवाहरू विदेशमा छन् रे। अधिकांश खाडी मुलुक र अन्य केही विकसित मुलुकमा छन्। केही चाहिँ अफ्रिकी मुलुकतिर पनि होलान्, तर धेरै नहोलान्।

विदेश जानुपर्ने मुख्य कारणहरू सबैलाई थाहा छ : नेपालमा रोजगारी नहुनु, स्वरोजगार सिर्जना गर्ने सम्पति नहुनु र सम्पति हुनेहरू विकसित देशमा गएर धेरै कमाउने र उतैको नागरिक बन्ने चाहना राख्नु आदिले विदेश गएको पाइन्छ।

अझ पछिल्ला दिनहरूमा आफ्नो र देशको आवश्यकता र रुचिले भन्दा पनि कुन विषय पढियो भने कुन देश जान पाइन्छ भनेर नै पढाइको विषय छनौट गर्न थालिएको छ र सोही अनुसार युवाहरू विदेसिइरहेका छन्। गाउँघर रित्त बनिरहेको छ, तन्नेरीबिहिन।

यो क्रमले एकातिर देश बन्नलाई बाधा गरेको छ। अर्कोतिर कङ्गाल बन्नबाट रोकेको पनि छ। हरेक विषय वा वस्तुको दुईपाटा हुन्छन् नै। वैदेशिक रोजगारीका पनि दुई पाटा छन् सकारात्मक र नकारात्मक।

देशमा काम गर्ने जनशक्ति छैन तर सम्पति आर्जन भएको छ। जिवनयापन, स्वास्थ्य, शिक्षाको आवश्यकता पूर्ति भएको छ तर परिवार खण्डित हुँदैछ। कतै आमाले गल्ती गर्ने कतै बाबुले गल्ती गर्नाले बालबालिका र बूढाबूढीहरू एक्ला बन्दै गएका छन्। बेसहारा बन्दै गएका छन्। यी केही बिकृति रोकिने हो भने व्यक्तिको जीवन सरल नै बनेको छ भन्न सकिन्छ। सत्य पनि यही हो।

चिन्ताको विषय चाहिँ के हो भने राज्यले रोजगारीको अवसर सिर्जना गरेन, खाडि मुलुकमा मरिरहेछन् नेपाली। सरकारले विद्यार्थी र तिनका अभिभावकमा देशभक्तिको जागरण ल्याउन सकेन र युरोप अमेरिकातिर भासिइरहेछन् नेपाली। अनि बन्न सकेन नेपाल।

अप्रत्यक्ष रुपमा भए पनि खाडिका नेपालीले नेपाल बनाएका छन्। विकसित मुलुकमा भासिएकाले पनि योगदान गरेकै छन्। र देशमै बसेकाहरूको प्रत्यक्ष सहभागितामा कछुवाकै गतिमा भए पनि हिँडेकै छ देश। यात्रामा पछाडि छ तर हिँडिरहेको छ। कसैलाई पछ्याउन र भेट्न सकेको छैन।

देश चलाउनेहरू गतिला भएका भए संसारभरका नेपालीलाई एकसाथ प्रयोग गरेर द्रूत गतिमा देशलाई दौडाउन सक्थे। तर गर्दैनन्। बरू आफैँमात्र दौडिरहेका छन्। सम्पतिको पोको बोकेर पालैपालो दौडिरहेका छन्। तर सत्य के हो भने देश तिनको मात्र होइन हाम्रो पनि हो। हामी सबैको हो। त्यसैले हामी सबैले देशका बारेमा सकेजति सोच्ने र गर्ने बेला हो यो।

ठूलो संख्यामा नेपालीहरू विदेशमा हुनु भनेको देशका लागि राम्रै पनि हो। बरू संसारका धेरैभन्दा धेरै देशमा पुग्न पाए झनै राम्रो हुन्थ्यो होला। नेपालीलाई सबैले चिन्थे। संसारले नेपाल थाहा पाउँथे। संसारले चिन्नु र थाहा पाउनु पनि विकास नै त हो। परिचयको विकास।

त्यसैले आफ्नो देशबाट अरुको देशमा जानासाथ हरेक नेपाली राजदूत हो। राज्यको दूत। दूत हुनका लागि देशले नियुक्ति दिएर पठाउनुपर्छ भन्ने छैन। सरकारले नियुक्त गरेकाले भन्दा बढी व्यक्ति आफैँले देशका लागि संसारभर काम गरेका उदाहरणहरू छन्।

जब मुहान सुक्छ अनि खोलो सुक्छ। जब रुखको जरो मक्काउँछ रुख सुक्छ र ढल्छ। त्यस्तै हो जब हाम्रो नेपाली संस्कार, संस्कृति, भाषा, भेष फैलन पाउँदैन वा अरुको सभ्यता र संस्कृतिले हाम्रोलाई छोपिदिन्छ अनि त्यो नदी सुकेझैँ, त्यो रुख सुकेझैँ नेपालीको पहिचान र अस्थित्व पनि सुकेर जानेछ।

नेपालको सीमा कटेर बाहिर गएका हरेक नेपालीले गम्भीर हुन जरुरी छ। म नेपाली हुँ। म

नेपालको दूत हुँ । मैले नेपाल चिनाउनुपर्छ भन्ने हेक्का हमेशा राख्नुपर्छ । नेपालको नाम राख्नुपर्छ बदनाम गर्नु हुँदैन भन्ने हरदम सोच्नु र सोही अनुसारको व्यवहार प्रदर्शन गर्नुपर्छ ।

संसारका धैरै देश घुम्दा जे जे भेटिन्छ त्यो सबै नेपालमा छ । भाषा छ अनेक, जाति छन् उस्तै । जाति अनुसारको आ-आफ्नै रुप छ, एउटै देशमा यति धेरै विविधता छकी जो संसारभर कहिँ छैन । महिनैपिच्छेका खानेकुराहरू छन् । प्रकृति र स्वास्थ्य अनुसार मानिसलाई चाहिने खानाहरू ऋतु अनुसार मिलाइएको छ ।

अनेक धर्महरू छन् तर विवाद र विभेद छैन । एक अर्कामा सम्मान छ । गुम्बा र मन्दिर एकै कम्पाउण्डमा बनेका छन् । मुस्लिमले मन्दिर बनाउन योगदान गरेका छन् । हिन्दूले मस्जिदमा शिर झुकाउँछन् । यी सबै हाम्रा मौलिक सभ्यताहरू हुन् ।

नेपालको सेल रोटी होस की खिर, यमरी होस् कि क्वाँटी, खिचडी होस् कि तरुल । कम्तिमा हामी आफूले यसलाई बिर्सिनु हुँदैन र अरुलाई पनि चखाउनुपर्छ । सक्नेले नेपाली परिकारको होटल नै खोलौँ, संसारलाई चखाऔँ । नसक्नेले कहिले काहिँ आफ्नो डेरामा साथीभाइलाई एक छाक चखाएर पनि हाम्रो खान्कीको परिचय दिऔँ ताकी उसले जीवनभर एउटा फरक र स्वादिलो खानेकुरा सम्झीरहोस् ।

अहिले पनि धेरैलाई न बुद्धको देश थाहा छ, न सगरमाथाको देश । न योग थाहा छ त न ध्यान तपस्या । नेपालका यस्ता मौलिक सम्पतिको बारेमा भन्ने काम विदेशमा भएका सारा नेपालीको हो । त्यसैले विदेशमा रहेका हरेक नेपाली नेपालका दूत हुन् । स्वयं घोषित राजदूत ।

जब व्यक्तिले आफ्नो देश छाडेर अर्को देश जान्छ उसको आफ्नो नाम हराउँछ र देशको नाम अगाडि आउँछ । व्यक्तिको नाम भन्दा बढी देशको नाम लिएर बोलाउँछन् साथीभाइ र अरुले । राम्रो काम गरे नेपालीले गऱ्यो भन्छन् नराम्रो काम गरे नेपालीले बिगार्यो भन्छन ।

हरेक पाइलामा नेपालको नाम र बदनाम तैनाथ रहेका हुन्छन् । नामलाई अगाडि सार्ने कि बदनाम खुब ख्याल गर्नुपर्छ । कतिपयले आफ्नो स्वार्थका लागि देशलाई भूलेका हुन्छन् । वा अन्जानमा गल्ति भएको हुन सक्छ । त्यसलाई सच्याउनुको बिकल्प छैन ।

नेपाली सहयोगी हुन्छन, साहसी हुन्छन्, नैतिकवान हुन्छन्, ईमानदार हुन्छन्, परिश्रमी हुन्छन् । धेरै नेपालीले यसरी देशको इज्जत राखेका छन् । तर कतिपय मान्छेका कारण बदनाम पनि भइरहेको हुन्छ । तिनीहरूलाई ठिक ठाउँमा ल्याउने काम पनि जरुरी हुन्छ ।

त्यसैले भनिएको हो देशमा हुँदाभन्दा विदेशमा हुँदा नेपालको बढी माया लाग्छ । बढी चिन्ता लाग्छ । र नै बढी जिम्मेवारी बोध हुन्छ । 'जति टाडा उती माया गाढा' यो सत्य हो ।

तिनकै देशमा काम गरेर, तिनकै तलब सुविधा लिएर देश चिनाउने काम गर्न पाउनु भाग्यको कुरा पनि हो । अवसर पनि हो । बाध्यताले भए पनि विदेशमा गएर देश चिनाउन पाउनु सुखद पक्ष हो । यो अवसरलाई जसले बढी उपयोग गर्न सक्छ उसले बढी देशको सेवा गरेको ठहर्छ ।

नेपालमा हुनेले नेपालबाट नेपालका लागि, विदेशमा हुनेले त्यतैबाट देशका लागि मिलेर काम गरौँ । जो जहाँ छ त्यहिँबाट काम गरौँ । देश देशबाट उठौँ, विदेश-विदेशबाट जागौँ । केवल देशका लागि गरौँ । एकजुट भएर गरौँ । अनि त जीवन सार्थक बन्छ । नेपाली हुनुको कर्तव्य पुरा हुनेछ ।

संसारभर छरिएका लाखौँ राजदूत नेपालीहरू सधैं नेपाल चिनाउने काम गरिरहनुहोला देशमा रहेकाहरूको करोडौंको शुभकामना हरदम रहिरहनेछ ।



# हरिवंश आचार्यले ल्याए
# 'ए केटा मादलु पड्का'



हास्य कलाकार हरिवंश आचार्यले नयाँ गीत 'ए केटा मादलु पड्का' सार्वजनिक गरेका छन । यसअघि सार्वजनिक 'काउली'को सफलता सेलाउन नपाउँदै आचार्यले नयाँ गीत ल्याएका हुन् । आफ्नै शब्द, संगीत र स्वरमा उनले रमाइलो पाराको 'ए केटा मादलु पड्का' बोलको गीत ल्याएका हुन् । गीतमा उनलाई गायिका शान्तिश्री परियारले साथ दिएकी छिन् । उक्त गीत आरटी इन्टरटेन्टमेण्डको युटुव च्यानलबाट सार्वजनिक गरिएको हो ।

यो गीतमा 'काउली'कै कलाकार दोहोरिएका छन् । गीतको भिडियोमा अभिनेत्री प्रियंका कार्की र हरिवंशसँगै यसपटक गायक तथा निर्देशक सरोज ओली स्वयंले अभिनय गरेका छन् । नवराज उप्रेतीको छायांकन, भुपेन्द्र अधिकारीको सम्पादन रहेको गीतको भिडियो निर्देशन गम्भिर विष्टले गरेका छन् ।




# समर्पण बने मिस्टर नेपाल




विराटनगरका ३२ वर्षीय समर्पण कार्कीले न्यूलूक 'मिस्टर नेपाल २०२३' को उपाधि जितेका छन् । पेसाले पाइलट कार्की १८ प्रतियोगीलाई पछि पार्दै शीर्ष उपाधि विजेता बनेका हुन् । कार्कीले मिष्टर इन्टल्लेक्चुअलको उपाधि समेत हासिल गरेका छन् ।

प्रतियोगितामा शीर्ष विजेता कार्कीले नगद ५ लाख रुपैयाँ बराबरको उपहारको अलवा 'मिस्टर वर्ल्ड २०२३' वा 'मिष्टर ग्लोबल २०२३' मा नेपालको प्रतिनिधित्व गर्ने अवसर प्राप्त गरेका छन् ।

प्रतियोगितामा काठमाडौंका निमेश कपाली फर्स्ट रनरअप, काभ्रेका क्रिशल श्रेष्ठ सेकेन्ड रनरअप, चितवनका डा. विजय दुवाडी थर्ड रनरअप र भक्तपुरका असिम लामिछाने फोर्थ रनरअप घोषित भएका छन् ।

अभिनेत्री आँचल शर्मा, माल्भिका सुब्बा, डा. आयुष्मान घिमिरे, विश्व किरण जैन, लु लिन, मनिषा डंगोल, राजभाई सुवाल, शैलजा अधिकारीलगायत निर्णायक रहेको प्रतियोगितामा मोष्ट पपुलर रमननाथ गिरी, मिष्टर एक्टिभ र बेष्ट फिजिकल प्रेम कुमार यादव, बेष्ट स्किन मिकाज कार्की, बेष्ट हेयर राजीव तिवारी र न्युलुक म्यान च्वाइस लोकेश प्रधानाङ्गाले हात पारे ।

'मिष्टर नेपाल' पुरुष सहभागी हुने नेपालकै प्रतिष्ठित र ठूलो प्रतियोगिता भएको आयोजक एक्सपोज नेपालको भनाइ छ ।



# जुलेबीको गीत सार्वजनिक

भदौ १ गतेबाट प्रदर्शनमा आउने चलचित्र 'जुलेबी'को गीत सार्वजनिक गरिएको छ। राजधानी काठमाडौँमा एक कार्यक्रम गर्दै चलचित्रमा समावेश 'आज मन' बोलको गीत सार्वजनिक गरिएको हो। सार्वजनिक गीतमा केतन क्षेत्रीको स्वर तथा कोशीश क्षेत्री र केतन क्षेत्रीको शब्द तथा संगीत रहेको छ।

'चलचित्रका पात्रहरूलाई रत्नपार्कले जोड्छ, चलचित्रको कथा सात जना पात्रहरूको सम्बन्धको वरिपरि घुमेको छ। 'जुलेबी' लेखक तथा निर्देशकको आफ्नो जीवनको भोगाइबाट उत्पन्न भएको कथा हो,' निर्देशक पाण्डेले भने।

कार्यक्रममा बोल्दै अभिनेत्री सुरक्षा पन्तले रत्नपार्कको वरिपरी कथा घुम्ने र फरक फरक कथामा काम गर्ने निर्देशक गणेश देव पाण्डेसंग काम गर्दा मजा आएको अनुभव सुनाइन्। 'यस्तो कथामा धेरै चलचित्र बन्दैनन्, हाम्रो समाजले हेर्ने दृष्टिकोणले फरक भएको तर उहाँहरू (यौनकर्मी) सुन्दर लाग्ने व्यक्तिहरू हुनुहुन्छ उहाँहरूको आफ्नै कथा व्यथा छन्,' उनले थपिन्।

कार्यकारी निर्माता नवीन भट्ट रहेको एन्थोलोजी जनरामा बनेको चलचित्रलाई गणेशदेव पाण्डेले निर्देशन गरेका हुन्। फोर क्युब इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण भएको चलचित्रमा सुरक्षा पन्त, निशा अधिकारी, उषा रजक, मोनिका थापा, सुशील सिटौला, पुष्कर कार्की, तुफान थापा, समीरमणी दिक्षितलगायतको अभिनय छ। निर्देशक पाण्डे स्वयंले लेखेको चलचित्रको कथावस्तु दर्शकलाई नयाँ लाग्ने विश्वास निर्माण टिमको छ।

विवेक खड्काको छायांकन, जाटवेद बनर्जीको संगीत, अन्जय खड्काको सम्पादन र साउण्ड डिजाइन उत्तम न्यौपानेको रहेको छ। डिसीएन र रिच इन्टरटेन्टमेन्टले वितरणको जिम्मा लिएको चलचित्रको डिजिटल अधिकार डिएआर मुभिजले खरिद गरेको छ।

## सन्दीप क्षेत्रीको 'ह्वाट् द फ्लप' बन्द



कान्तिपुर टेलिभिजनबाट प्रसारण हुँदै आएको कार्यक्रम 'ह्वाट् द फ्लप' बन्द भएको छ। सन्दीप क्षेत्री प्रस्तोता रहेको उक्त कार्यक्रममा अभिनेता पल शाहसँग गरेको कुराकानी विवादमा तानिएपछि टेलिभिजनले उक्त कार्यक्रम बन्द गरेको हो।

कान्तिपुर टेलिभिजनले उक्त कार्यक्रमको उत्पादन र प्रसारणमा पूर्ण रूपमा बन्द गरिएको जानकारी दिँदै त्यसको ठाउँमा अर्को कार्यक्रम ल्याउने बताएको छ।

गत असार २३, शनिबार प्रसारित 'ह्वाट द फ्लप' मा छनोट गरिएका पात्रसँगको संवाद हाम्रो सम्पादकीय नीतिविपरीत रहेकाले उक्त भिडियो हामीले युट्युबबाट हटाइसकेका छौं। महिलाको स्वाभिमान र सामाजको चेतनालाई सम्मान गर्दै 'ह्वाट द फ्लप' कार्यक्रमको उत्पादन र प्रसारणसमेत पूर्णतः रोकिएको जानकारी गराउँछौं। चाँडै नै उत्कृष्ट कार्यक्रम लिएर आउने विश्वास दिलाउँछौं,' टेलिभिजनले भनेको छ।


**चैनपुर नगरपालिकाको अनुरोध**

- आफ्नो आम्दानीको वैद्यता सुनिश्चित गरौं।
- स्थायी लेखा नम्बर लिएर मात्र कारोबार गरौं।
- वस्तु वा सेवा खरिद गर्दा बिल लिने-दिने बानी गरौं।
- कर तिरी नगर विकास कार्यमा सहभागी बनौं।
- समयमै कर तिरी जरिवानाबाट बचौं।
- करको चर्चा घरघरमा गरौं।
- हामीले तिरेको कर हाम्रै लागि।

**चैनपुर नगरपालिका**
संखुवासभा



# सांगीतिक यात्रामा
# अघि बढ्दै बीना

• हरिराम पौडेल

नेपाली गायनको क्षेत्रमा पछिल्लो समय चर्चा बटुल्दै गरेकी गायिका हुन् बीना भट्टराई । नेपाली आधुनिक गीतको क्षेत्रमा १५० भन्दा बढि गीत गाइसकेकी उनी नेपाली संगीतको क्षेत्रमा अघि बढ्दै गरेकी प्रतिभा पनि हुन् । संगीतको क्षेत्रमा अनवरत रुपमा अघि बढ्दै सङ्गीतमय जीवन संगसंगै चर्चाको सगरमाथा चढिरहेकी एक सफल गायिका हुन् बीना भट्टराई ।

बीनाको जन्म प्राकृतिक हिसावले निकै सुन्दर मानिने ताप्लेजुङमा बुवा मनप्रसाद भट्टराई र आमा अम्विकादेवि गौतमबाट भएको हो । तप्लेजुङमा जन्मेपनि उनको बसोवास भने झापाको दमकमा भयो । उनले आफ्नो बाल्यकाल दमककै सेरोफेरोमा व्यतित गरिन् । उनको अध्ययन पनि दमकमा नै भयो । अध्ययनको साथसाथै उनी बाल्यकालदेखि नै गायनमा रुचि राख्थिन् । विद्यालय स्तरमा संचालन हुने विभिन्न सांगितिक कार्यक्रमहरूमा उनले सहभागिता जनाउने गर्दथिन् । जुन-जुन सांगितिक कार्यक्रममा उनले सहभागिता जनाउथिन् त्यो कार्यक्रममा उनी नै प्रथम हुने निश्चित हुन्थ्यो । प्रतियोगितामा सामेल हुँदा उनी सधैं प्रथम स्थान नै हासिल गर्दथिन् । उनले वालपनमा गाएकी गीत 'डाली डाली फूल फुल्यो..' बोलको गीत अझै पनि उनी सम्झिन्छिन्, पहिलो पटक गाएको यो गीतले नै उनको क्षमता प्रस्फुटन गरेको थियो ।

उनी झापाको सानो वाह्घरेस्थित पाणिनी माध्यामिक विद्यालयबाट प्रवेशिका परीक्षा दिएपछि उच्च शिक्षा अध्ययनको लागि काठमाडौ प्रवेश गरेकी हुन् । काठमाडौ प्रवेश गर्नुको कारण उच्च शिक्षाको साथसाथै नेपाली संगीतको क्षेत्रमा पनि केहि गरौ भन्ने रहेको उनी बताउँछिन् । उनकी आमा अम्विकाको पनि गायनमा रुचि थियो, आमाले गीत गुनगुनाएको बीनाले सुन्ने गर्दछिन्, त्यति बेला उनलाई पनि गाउन मन लाग्थ्यो । उनी पनि आमासंगै गुनगुनाउने प्रयास गर्थिन्, छोरीको त्यो प्रयास देखेर उनकी आमालाई बीनाले संगीतको क्षेत्रमा केहि गर्न सक्छिन् भन्ने लागेको थियो, छोरीको प्रतिभा प्रष्फुटन हुनु पर्छ भनेर उनले बीनालाई काठमाडौको बाटो रोज्न उत्प्रेरित गरेकी थिइन् । बीनाले आफ्नो भविष्यको बारेमा केहि सोच्न नपाउँदै आमाले तिमीमा गायन क्षमता छ, गायनमा नै तिमीले केहि गर्नुपर्छ भनेर उनलाई प्रोत्साहित गर्ने गर्दथिन् । उनको भित्री रहर र आमाको प्रोत्साहनले उनी काठमाडौ प्रवेश गरिन् । आफ्नो सन्तानको लागि आमाले देख्ने सपना सुन्दर हुनुको साथै त्यो सपना पुरा गर्दाको सन्तुष्टि विशेष हुन्छ नै, बीनाले उनकी आमाले देखेकी त्यो सपना पुरा गर्न धेरै मेहनत गरिन् । आमाको सपनाको साथसाथै उनको भित्री रहर र चाहना पनि भएकोले संगीतको क्षेत्रमा छोटो समयमा नै उनले एउटा स्थान हाँसिल गरिसकेकी छिन् ।

संगीतको क्षेत्रमा केहि गर्ने उत्कृष्ट अभिलाषा बोकेर काठमाडौ प्रवेश गरेकी उनले काठमाडौंको डिल्लीबजारमा अवस्थित श्री संगीत पाठशालामा गुरु चण्डी प्रसाद काफ्लेसँग संगीत शिक्षा लिइन् । संगीत सिकाईको क्रममा उनको लगनशीलता र सुमधुर स्वर देखेर साथीहरू र शिक्षकहरूबाट प्रशंसाका साथै हौसला पाएको उनी बताउँछिन् । हालसम्म सयौं गीतहरूमा आफ्नो सुमधुर स्वर पस्केकी बीनाको पहिलो गीत भने 'झुक्याएर पासो थापि ..' बोलको गीत थियो । जसमा मीन गुरुङको संगीत र उर्वसी थापाको शब्द रहेको छ । उनका अन्य चर्चित गीतहरूमा बुढेसकालको लौरी, सुन्तलाको फूल, साँइला छक्कै परे नि, जाम्ला भागेर, चुलबुले कान्छी लगायतका रहेका छन् । गायनको साथसाथै उनी शब्द लेखनमा पनि दखखल राख्छिन् । उनले आफैंले लेखेका धेरै गीतहरू मध्ये साडी मलमलको बोलको गीत चर्चामा रहेको छ । त्यसै गरि मेरो संसार, मुग्लानी आदि पनि चर्चित रहेका छन् । विशेष गरि आफ्ना भन्दा अन्य गीतकारका शब्दहरूमा गाउँदै आएकी बीनाले बेला-बेलामा आफ्ना शब्दहरूलाई पनि गाउने गरेकी छिन् । उनले आफ्नै शब्दका झण्डै एक दर्जन गीत गाएकी छिन्, आफ्नो मात्रै शब्द गाउँदा गीतमा विविधता नआउला भनेर उनी अन्य सर्जकहरूका शब्दहरू पनि गाउने गर्दछिन् । प्रताप दास, स्मिता दाहाल, कृष्ण कार्की लगायतका चर्चित गायक-गायिकाले उनका शब्दका गीतहरू गाएका छन् भने अन्य गायक गायिकाहरूले पनि उनका शब्दहरूमा गाउने तयारी गरिरहेको उनी बताउँछिन् ।

बीनाले सानो मेहनत र लगनशीलताले यो सफलता हाँसिल गरेकी होइनन् र उनको बाबा-आमाले सजिलै काठमाडौमा संगीत सिक्ने वातावरण मिलाएका पनि होइनन् । बीनालाई संगीतको क्षेत्रमा अघि बढ्न बुवाले गोठको लैनो भैसी बेच्नु भएको अनि आमाले आँफूले लगाइरहेका गहनाहरू बेचेर काठमाडौ बस्ने र संगीत सिक्ने वातावरण मिलाउनु भएका ती पुराना दिनहरू आज पनि बीनाका मनमा ताजा छन् । यसरी आँफूले खाइ-नखाई खर्चपातको मेसोमेलो मिलाउने, छोरीले संगीतको क्षेत्रमा नै अगाडि बढ्नु पर्छ भनेर सधैं हौसला र उत्प्रेरणा दिने उनका बुवा मन प्रसाद भट्टराईको २०७७ भदौ १९ गते दुःखद निधन भयो । कोरोना कहरको त्यो बन्दाबन्दीको बेला आफ्नो बुवाको अन्तिम मुहार समेत हेर्न नपाएकी उनी निकै मर्माहत भइन् । सधैं 'म छु तिमी अघि बढ' भनेर हिम्मत दिने आफ्नो जीवनको सहारा बुवा गुमाउँदाको पीडा र बेदना शब्दमा वर्णन गर्न नसक्ने भन्दै उनी भक्कानिन्छिन् । बुवाले देखाउनु भएको बाटो हिँड्दै गर्दा आँफ्नो प्रतिभा बुवालाई देखाउन नपाएको अभाव अव उनको जीवनभरि खड्किनेछ । 'भौतिक देह नभए पनि आत्मा मर्दैन भन्छन् कतै न कतैबाट बुवाको आत्माले आफ्ना गीतहरू सुनिरहनु भएको होला नि' भनेर उनी आँफूले आफैंलाई सान्त्वना दिने कोशिश गर्छिन् ।

बुवाको निधन पछिको २ वर्ष उनी बुवाको शोकमा आमालाई साथ दिदै आमासँगै बसिन् । सधैं शोकमा डुवेर जीवन किन चल्थ्यो र ? फेरि उनको आमाको चाहना कसरी पुरा हुन्थ्यो र ? आमाले 'बुवा नहुनु भए पनि म छु तिमी अघि बढ्नु पर्छ' भने पछि उनी अहिले आमासँगै रहेर संगीतकै क्षेत्रमा सक्रियता बढाइरहेकी छिन् ।

संगीतको क्षेत्रमा भिजेर लाग्न सके, मेहनत र लगनशील भएर काम गर्न सके यो क्षेत्र नाम र दाम

दुवै हिसावले राम्रो रहेको उनको अनुभव रहेको छ। यहि क्षेत्रमा सक्रिय रहेर उनले आफ्नो दैनिकी सजिलै चलाइरहेकी छिन् भने यहि क्षेत्रको आम्दानीले उनले सामाजिक कामहरूमा पनि सकेको योगदान दिँदै आएकी छिन्। अन्तर्राष्ट्रिय सामाजिक र परोपकारी संस्था लायन्स क्लवमा अवद्ध भएर उनले आफ्नो व्यस्त समयको बावजुद पनि सामाजिक कार्यहरू गर्दै आइरहेकी छिन्।

संगीतको क्षेत्रमा लागेर उनले छोटो समयमा नै विभिन्न सम्मान तथा अवार्डहरू प्राप्त गर्न सफल बनेकी छिन्। गायन समाज ताप्लेजुङकी सदस्य समेत रहेकी उनले छायाँदेवि तीज म्युजिक अवार्ड २०७५ र २०७६, सगरमाथा म्युजिक अवार्ड २०७६, राष्ट्रिय राप्ती म्युजिक अवार्ड २०७५, राष्ट्रिय राप्ती म्युजिक अवार्ड २०७९ प्राप्त गरेकी छिन। यी अवार्ड र सम्मानले नेपाली संगीतको क्षेत्रमा अझ सक्रिय भएर लाग्न उत्प्रेरित गरेको उनी बताउँछिन्।

यो क्षेत्रमा लाग्दाका केहि तीतो अनुभव पनि छ बीनासँग। सुरुवाती दिनमा धेरै तरिकाबाट उनीलाई हतोत्साही पनि बनाइएको छ त्यो पनि संगीत क्षेत्रकै हस्तीहरूबाट। विनाले थुप्रै चर्चित संगीतकारका हिट गीतमा डमी भरेकी थिइन्, उनीहरूले 'यो गीत तिमीलाई नै दिन्छु' भनेर धेरै संगीतकारहरूले डमी गाउन लगाए। एकै दिनमा ३,४ वटासम्म उनले डमी गाएकी छिन्। आँफूले डमी गाएका गीतहरू आँफूले आदर गर्ने संगीतकारहरूले दिन्छु भन्नु भएकोले पाउँछु भन्नेमा उनी ढुक्क हुन्थिन् र संगीतकारको फोनको बाटो हेरिरहन्थिन्। संगीतकारको फोन त आउँथ्यो तर उनलाई गीत गाउन होइन फेरि अर्को डमी गाउन। उनले डमी भरेका गीतहरू भने नाम चलेका अन्य गायक गायिकाले गाइसकेका हुन्थे। त्यति बेला उनको मनमा निराशाको बादल मडारिन्थ्यो, त्यो बादलबाट बर्षिएका उनका अश्रुधाराले उनको संगीतको क्षेत्रमा नै केहि गर्ने सपनाको बाँध भत्काउने अवस्थासम्म पुऱ्याउथ्यो र पनि उनी सम्हालिदै आइन्। आफ्नो योगदानसँगै समयको प्रतीक्षा गरिन् अहिले तिनै संगीतकारहरू उनको स्वरको लागि उनको समय लिने गर्दछन्।

१५ वर्षदेखिको संगीतमा लगावका कारण अहिलेसम्म आउदा आनन्दित महशुष गरेकी उनले संगीतमा रमाउन पाउदा खुशी भएको पनि बताइन्। नेपाली संगीतमा केही मात्रामा आम्दानीको समस्या भए पनि सबै कुरा पैसा नभएको उनको धारणा छ। पैसा भन्दा पनि स्रोताको माया र हौसलामा नै बढी रमाउन मन पराउने बीनाले यहाँसम्म आईपुग्दा चित्त बुझाउने माध्यम नै श्रोता र दर्शकको माया भएको बताउँछिन्। सांगीतिक क्षेत्रमा अगाडी बढ्नका लागि घरपरिवारको पूर्ण साथ पाएकी बीनाले आफूलाई यो स्थानसम्म आइपुग्न सहयोग गर्ने बालपनदेखिका गुरुहरू पासाङ तामाङ र गंगा अधिकारीको हालसम्म पनि साथ पाइरहेको बताइन। यस्तै श्री संगीत पाठशालाले आँफूलाई संगीतको पाठ सिकाएको उनी सधैं सम्झन्छिन्। आँफूलाई सामान्य गायिकाको रुपमा श्रोता माझ प्रस्तुत गर्न रुचाउने बीना एक सरल र मृदुभाषी गायिका भएको उनलाई नजिकबाट चिन्नेहरू बताउँछन्।

रेडियो नेपालबाट २०७५ सालमा स्वर परीक्षा उत्तीर्ण गरेर संगीत कर्ममा नै रमाउँदै अघि बढिरहेकी बिना हाल त्रिभुवन विश्वविद्यालय, ललितकला क्याम्पस, कीर्तिपुरमा संगीत विधामा नै स्नातक तहको अध्ययनमा अध्ययनरत छिन्। नेपाली लोक तथा आधुनिक गीतको क्षेत्रमा सफलताका साथ अगाडी बढिरहेकी बीनाको आगामी सांगीतिक यात्राले सफलताको शिखर चुम्दै संगीतमा छुट्टै स्थान हाँसिल गर्न सफल हुनेमा विश्वास गर्न सकिन्छ।

जे देखियो

# अन्तर्राष्ट्रिय विमानस्थल : ठूलालाई चैन, सानालाई ऐन !

गत साउन २ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भन्सार कार्यालयबाट जाँचपास भएर हङकङबाट ल्याइएको झन्डै एक क्विन्टल सुन भित्रियो तर विमानस्थलका कुनै पनि कर्मचारीले थाहा पाएनन्। विमानस्थलबाट भन्सार जाँचपास भएर ट्याक्सीमा सिनामंगल पुऱ्याइसकेपछिको अवस्थामा विशेष सुचनाका आधारमा राजश्व अनुसन्धान विभागले सुन भित्रिएको पत्ता लगायो। त्यसपछि मात्र प्रहरीले पक्राउ गर्न सफल भयो।

वैदेशिक रोजगारमा रहेका श्रमिकले दिनरात मेहेनत गरेर आफ् घर फर्कदा २ वटा मोवाइल बोकेर आएको देख्ने भन्सार कार्यालयले करिब सय किलो सुन भन्सार पास हुँदासम्म नदेख्नुले नेपालको विमानस्थल असुरक्षित र तस्करीको अखडा बनेको प्रष्ट देख्न र बुझ्न सकिन्छ।

नेपालको विमानस्थलबाट हात्ती छिराउन सकिन्छ भनेर चार्ल्स सोभराजले सार्वजनिकरुपमा बोलेको कुरा सत्य रहेछ भन्ने लाग्छ। वैदेशिक रोजगारबाट फर्किएकालाई लाइनमा राखेर पर्स, बेल्ट र जुत्तासम्म खोल्न लगाएर चेक जाँच गर्ने अनि टाँक बज्यो भने पनि १० चोटी फर्काउनेहरूले सय किलो सुन छिरेको पत्तो पाएनन् वा आँखा चिम्लिए, सहजै अनुमान लगाउन सकिन्छ।



पर्वत विश्वकर्मा

नेपालको कानुन लचिलो हुनाले 'ठूलालाई चैन र सानालाई ऐन' भन्ने भनाई सार्थक भइरहेको छ। वैदेशिक रोजगारका लागि विदेश गएर र घर फर्कदा आफूले कमाएको केही पैसाले आवश्यक सामान टिभी, ल्यापटप, मोवाईलजस्ता सामानहरू आफ्ना परिवारका अन्य सदस्यहरूलाई बोकेर आउँदा विमानस्थलमा अपराधिलाई झैं व्यवहार गरिन्छ मानौ कि उसले ठूलै अपराध गरेर आएको हो। तर नेपालका पूँजीपति व्यवसायीहरूले खुलेआम भन्सार छलि गरि अर्बौको सामान भित्राउँदा पनि भन्सारले सम्मानका साथ स्वागत गर्छ यसलाई हामीले के भन्ने ?

विगतमा पनि यस्ता घटनाहरू नभएका हैनन् कतिपय घटनाहरू ढाकछोप गरेर भित्रभित्रै मिलाइयो भने कतिपय सार्वजनिक भए। तर हामीले जे देखेका छौ त्यतिमा मात्र सिमित छैन विमानस्थल, उच्च पदस्थकै सेटिङमा विमानस्थलमा दैनिक करौडौंका सामानहरू भन्सार छलि गरि चोरीपैठारी गरि भित्राउने गरिन्छ। तर सर्वसाधारणलाई भने विमानस्थलमा कडाईका साथ अनुगमन गरिन्छ।




विमानस्थलमा सर्वसाधारण जनता यसरी विभेदमा मात्र परेका छैनन, लुटिएका पनि छन। केही समय अघि मात्र बैदेशिक रोजगारका क्रममा कोरिया बसेर नेपाल फर्किएका एक युवकले आफ् लामो समय बैदेशिक रोजगारमा रहेर देशमा रेमिट्यान्स भित्राएको तर त्यसको सम्मान स्वरुप २ वटा मोवाइल ल्याएबापत आफूले ४४,७३४ रुपैया जरिवाना तिर्नुपरेको र लगेजमा भएको २५ प्रतिशत सामान हराएको गुनासो आफ्नो फेसबुकमा राखेका थिए। यस्ता कयौं घटनाहरू विमानस्थलमा घट्ने गरेका छन् त्यतातिर राज्यको ध्यान जान जरुरी छ।

क्विन्टल सुन भित्रिएको नदेख्ने विमानस्थलका कर्मचारीहरूमा अवश्य पनि चेत पलाउँन जरुरी छ र त्यस्ता कर्मचारीहरूलाई जिन्दगीभर नबिर्सने गरी चेत खुलाउन आवश्यक छ। सरकारले पनि विमानस्थलमा कडाईका साथ अनुगमनलाई बढाएर विमानस्थलमा हुने चोरी पैठारीको अन्त्य गर्नैपर्छ र वैदेशिक रोजगारबाट फर्किएका श्रमिकको सम्मान गर्नै पर्छ नत्र रेमिट्यान्स पठाउने युवाको आँशुले पोलिरहने छ।

जंगली च्याउहरु
विषालु पनि हुन सक्छन्,

**त्यसैले राम्ररी पहिचान**
**गरेर मात्र खाऔं ।**

खेती गरेर उमारेका
च्याउ खाने गरौं ।

**जीवन सुरक्षित गरौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**


Belaco®
FANTASTIC RANGE OF CHOICE
FOR DEALERSHIP / DISTRIBUTOR
Please Contact
01-5300700, 9801666001, 9802341611
I.K.B.H. GROUP
Sitapaila, Kathmandu


म.क्षे.हु.नि.द.नं. ७/०७०/७१
himal remit
हिमालरेमिट
मेरो मन तब खुशी हुन्छ, जब
मेरो परिश्रमको फलले
मेरो परिवारको खाँचो टार्छ ।
ढुक्क छु, मेरो खुशीलाई
हिमालरेमिटले मेरो परिवारसम्म
पुऱ्याई दिइरहेको छ ।
पुऱ्याउँछौं खुशी
a product of
HBL
हिमालयन बैंक लिमिटेड
Himalayan Bank Ltd.
www.himalayanbank.com/himalremit
टोल फ्रि १६ ६00 १११ 000
रेमिटान्स सेन्टर, कर्पोरेट अफिस, कमलादी, काठमाण्डौ
फोनः ००९७७-१-४२५०३५४
QR SCAN
FOR MORE
DETAILS.
Follow us on:
himalremit
@himalremit
@himalremit